का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ असार २०७९,
आइतबार
19 June 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुहोस्

वर्ष २०, अंक १३४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# टर्‍यो गठबन्धनको संकट !

एमसीसी पास हुँदै गर्दा पाँच दलीय गठबन्धन भत्काउने विपक्षी दल नेकपा एमालेको प्रयास असफल भएको थियो । एसपीपीका विषयमा पनि वाम दलहरु एक भएर संसदमा प्रस्तुत हुन थालिसकेका थिए । तर, फेरि पनि पाँच दलीय सत्ता गठबन्धन जोगिएको छ ।




**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ असार ।

स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी) मार्फत सैन्य सम्झौता गर्ने अमेरिकी प्रस्तावमा प्रधानमन्त्री शेरबहादुर देउवा सकारात्मक रहेको सार्वजनिक भएलगत्तै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न उनकै निवास वालकोटा पुगेका थिए नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ ।

ओलीलाई भन्दा अघिल्लो दिन मात्रै नेता श्रेष्ठले नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपाललाई उनकै निवास कोटेश्वर निवास पुगेर भेटे । उनले एमालेका अन्य नेताहरुसँग पनि भेटघाट निकै बढाए ।

प्रतिनिधिसभा बैठकमा बोल्दै परराष्ट्रमन्त्री डा. नारायण खड्काले एसपीपी सैन्य रणनीति नभई भुकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक विपत्तमा अमेरिकाले मानवीय सहयोग गर्ने कार्यक्रम भनी एसपीपीको बचाउ गरेपछि वर्तमान पाँच दलीय सत्ता गठबन्धनको भविष्य नै धरमराएको थियो ।

कांग्रेसले एसपीपी अगाडि आशंका बढेपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बाट तीन समूहमा विभाजित कम्युनिस्ट पार्टीलाई एक ठाउँमा ल्याउने प्रयास सुरु भएको थियो । जसमा सक्रिय भएर लागेका थिए, नेकपा माओवादी केन्द्रबाट नारायणकाजी श्रेष्ठ, देव गुरुङ, वर्षमान पुन, एमालेबाट उपाध्यक्ष सुवास नेम्वाङ, उपमहासचिव प्रदीप ज्ञवाली, योगेश भट्टराई, सुरेन्द्र पाण्डे, नेकपा एकीकृत समाजवादीबाट झलनाथ खनाल, बेदुराम भुसाल लगायत । यी नेताहरुले वाम एकताका लागि जोडबल नै गरेको छिपेन ।

स्वमंमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालले छलफल गरेका थिए । केपीओलीले आफैं सहभागी नभएर विश्वास पात्रलाई माओवादी नेताहरुसँग छलफलमा खटाएका थिए ।

जेठ २८ गते एमाले उपमहासचिव प्रदीप ज्ञवाली र माओवादी केन्द्रका नेता वर्षमान पुनबीच खुमलटारमा भएको भेटको मुख्य एजेण्डा नै वाम गठबन्धन थियो । त्यही बीचमा एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले ऊर्जामन्त्री समेत रहेकी माओवादी केन्द्रकी नेता पम्फा भूसालसँग भेटको एजेण्डा पनि वाम गठबन्धन नै भएको नेताहरु बताउँछन् ।

पाँच दलीय सत्ता गठबन्धन भत्किने र वाम दलहरु एक हुन सक्ने संकेत संसदमै देखा परेको थियो । संसदमा रहेका पाँचदलीय सत्ता गठबन्धनमा सहभागी र विपक्षमा रहेका वाम दलहरु एसपीपीमा सरकारले सम्झौता गर्न नहुने भन्दै भनी एक स्वरमा आवाज उठाइरहेका छन् । एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा लगायत दलहरू सुरुदेखि एसपीपीमा एकमत देखिए ।

२६ जेठ २०७९ मा प्रतिनिधिसभाको बैठकमा बोल्दै माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक देव गुरुङले प्रधानमन्त्री र प्रधानसेनापतिको अमेरिका भ्रमण स्थगित गर्न माग गरेका थिए । उनले एसपीपीमा हस्ताक्षर गर्ने तयारी भएको भन्दै यसको विरोध गरेका थिए ।

गुरुङबाट यस्तो अभिव्यक्ति आएपछि सत्ता गठबन्धनभित्र र बाहिरका दलहरू झस्किए । गुरुङको सूचनालाई लिएर विपक्षी एमालेले आधिकारिक रूपमै सरकारको धारणा माग गर्दै सरकारमाथि प्रश्न उठायो । सबै वाम दलहरु एकतिर र कांग्रेस एकतिर – बाँकी पृष्ठ २ मा

# मन्त्री हेरफेरको दबाब

एकीकृत समाजवादीसँगै अन्य दलबाट पनि मन्त्री हेरफेर गर्नुपर्ने दबाव प्रधानमन्त्री शेरबहादुर देउवामाथि बढेको छ । तर प्रधानमन्त्री देउवा भने मन्त्रिपरिषद् पुनर्गठनको पक्षमा देखिका छैनन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ असार ।

गएको २२ जेठमै सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीले आफ्ना तर्फका मन्त्रीहरुलाई फिर्ता हुन निर्णय गरेको थियो । तर अहिलेसम्म मन्त्रीहरु फिर्ता भएका छैनन् । एकीकृत समाजवादीले पुरानै निर्णय भन्दै अहिलेका चार मन्त्री र एक राज्य मन्त्रीलाई फिर्ता हुन निर्देशन दिएको थियो । तर पार्टी निर्णय बिपरीत प्रेम आले पर्यटन, किसान श्रेष्ठ श्रम, रामकुमारी झाँक्री शहरी विकास, विरोध खतिवडा स्वास्थ्य र भवानी खापुङ स्वास्थ्य राज्यमन्त्री छन् ।

एकीकृत समाजवादीले भने स्वास्थ्यमन्त्री भवान खापुङ, पर्यटनमन्त्री जीवनराम श्रेष्ठ, श्रममन्त्री शेरबहादुर कुँवर, शहरी विकासमन्त्री मेटमणि चौधरी र स्वास्थ्य राज्यमन्त्री हिरा केसीलाई सिफारिस गरेको छ । पार्टी निर्णय कार्यान्वयन गर्न एकीकृत समाजवादीका शीर्ष नेताहरुले सार्वजनिक रुपमै दबाव दिइरहेका छन् । पूर्वप्रधानमन्त्री झलनाथ खनालले पार्टी निर्णय बमोजिम मन्त्रिपरिषद् पुनर्गठन नभए गठबन्धन नजोगिने अभिव्यक्ति नै दिएका छन् ।

> पार्टी निर्णय कार्यान्वयन गर्न एकीकृत समाजवादीका शीर्ष नेताहरुले सार्वजनिक रुपमै दबाव दिइरहेका छन् । पूर्वप्रधानमन्त्री झलनाथ खनालले पार्टी निर्णय बमोजिम मन्त्रिपरिषद् पुनर्गठन नभए गठबन्धन नजोगिने अभिव्यक्ति नै दिएका छन् ।

तर प्रधानमन्त्री देउवाले भने बजेटमाथि छलफल चलिरहेकाले तत्काल मन्त्रिपरिषद् हेरफेर गर्न नसकिने जवाफ दिएका थिए ।

एकीकृत समाजवादीले गएको वर्ष २२ असोजमा मन्त्रिपरिषद् गठन हुँदा नै ६ महिनापछि अहिलेका मन्त्री फिर्ता हुने निर्णय गरेको थियो । त्यही निर्णय बमोजिम मन्त्रिपरिषद् पुनर्गठनको प्रस्ताव एकीकृत समाजवादीले गरेको छ । एकीकृत समाजवादीको निर्णय पछि अन्य दलहरुमा पनि – बाँकी पृष्ठ २ मा

# वैधानिक बाटोमार्फत रेमिट्यान्स पठाउन आग्रह

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ असार

सरोकारवालाहरूले वैधानिक बाटोमार्फत नेपालमा रेमिट्यान्स पठाउन कतारमा कार्यरत नेपालीहरुलाई आग्रह गरेका छन् । कतारस्थित नेपाली दूतावास र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको संयुक्त आयोजनामा भएको रेमिट्यान्स तथा बैंकिङ साक्षरतासम्बन्धी अभिमुखीकरण कार्यक्रममा वक्ताहरूले उक्त आग्रह गरेका हुन् ।

करिब ३ लाख ५० हजार नेपाली कार्यरत रहेको कतारबाट बैंकिङ माध्यमबाट वार्षिक २ खर्ब ५६ अर्ब बढी रेमिट्यान्स जाने गरेको अनुमान छ । कतारका लागि नेपाली कार्यवाहक राजदूत लक्ष्मण खनालले राज्यप्रति जनताको गुनासो हुनु स्वाभाविक भएपनि जनताले राज्यप्रतिको आफ्नो दायित्व सदैव सम्झनुपर्ने बताए । हुन्डीबाट रकम पठाउँदा तत्काल केही लाभ भएपनि त्यो असुरक्षित रहेको र पछिल्लो समय ठगिएको गुनासो धेरै आएको बताउँदै उनले औपचारिक माध्यमबाट मात्रै पैसा पठाउन आग्रह गरे ।

रेमिट्यान्स पठाउनेमा कतार अग्रस्थानमा रहेको भन्दै खनालले सबैले आ-आफ्नो ठाउँबाट औपचारिक माध्यमबाट पैसा पठाउँदा हुने फाइदा मात्रै बुझाउन सकेमा रेमिट्यान्स थप बढ्ने बताए । उनले सामाजिक सञ्जाल ह्वाट्सएप, इमेल लगायतमा आउने ठगी गर्ने उद्देश्यका कल तथा म्यासेजमार्फत मागिने डिजिटल युजर र – बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

### प्लान्टेशन क्षेत्रमा भारत र पाकिस्तानी कामदारका लागि रोजगारी खुला गर्न माग

काठमाडौं/मस- मलेसियाका पाम आयल उद्योगीहरूले प्लान्टेशन क्षेत्रमा भारत र पाकिस्तानी कामदारका लागि रोजगारी खुला गर्न माग गरेका छन् । हाल प्लान्टेशन क्षेत्रमा इन्डोनेशिया र बंगलादेशी कामदारले काम गरिरहेका छन् ।

उद्योगीहरूले ती दुबै देशबाट गएका कामदारले प्लान्टेशन उद्योगमा आवश्यक रहेको विदेशी कामदारको माग पूरा गर्न नसकेको भन्दै भारत र पाकिस्तानी कामदार ल्याउन अनुमति दिनुपर्ने माग – बाँकी पृष्ठ २ मा

**नागरिकतामा एमाले–माओवादी**

# नेकपाकालीन निर्णयमै अडिग

राज्य व्यवस्था समितिबाट पारित विधेयकममा वैवाहिक अंगीकृतलाई ७ बर्षपछि मात्रै नागरिकता दिने व्यवस्था छ । तत्कालिन नेकपाले बहुमतका आधारमा पास गरेको यो प्रावधानमा नेकपा एकता भंग भएर ब्युँतिएका एमाले र माओवादी केन्द्रका नेताहरु अहिले पनि अडिग छन् ।


फाइल तस्विर

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ असार ।

नागरिकता ऐन संशोधन विधेयकमा नेपा एमाले र नेकपा माओवादी केन्द्र तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) कालिन निर्णयमा अडिग रहेको पाइएको छ । नागरिकता विधेयकको सबैभन्दा विवादित विषय हो- वैवाहिक अंगीकृत नागरिकता ।

विधेयकमा सुरुमा नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले विवाह भएलगत्तै नागरिकता प्राप्त गर्न सक्ने तर, ६ महिनाभित्र विदेशी नागरिकता वा कुनै राष्ट्रिय परिचयपत्र लिएको भए, त्यसलाई त्यागेको निस्सा पेश गर्नुपर्ने प्रावधान राखिएको थियो ।

तर, यो विषय प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पुगेपछि फरक ढंगले छलफल अगाडि बढ्यो । राज्य व्यवस्था समितिले ७ वर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता पाउने व्यवस्था बहुमतले पारित गरेर विधेयकको प्रतिवेदन संसदमा पेश गरिसकेको छ ।

खासगरी तत्कालिन नेकपा अर्थात हालका एमाले र माओवादी केन्द्रका सांसदहरुले नेपालको भौगोलिक अवस्था र दुई ठूला छिमेकी देशलाई ख्याल गरेर ७ बर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता दिनुपर्ने पक्षमा वकालत गरेका थिए ।

त्यसबेला छिमेकी भारतमा समेत विवाह गरेर निरन्तर बसोबास गरेको ७ बर्षपछि मात्रै नागरिकता पाउने व्यवस्था रहेकाले नेपालमा पनि सोही अनुरुपको व्यवस्था गर्नु उपयुक्त हुने एमाले/माओवादी सांसदहरुले तर्क गरेका थिए । यही प्रावधान राखेर राज्य व्यवस्था समितिले नागरिकता विधेयकको प्रतिवेदन समितिबाट पारित गर्दा कांग्रेस, जसपा, लोसपा र मधेश केन्द्रित नेताहरुले फरक मत राखेका थिए ।

अहिले कांग्रेस विगतमा आफैंले फरक मत राखेको वैवाहिक अंगीकृतको ७ बर्षे प्रावधान हटाएर नागरिकता विधेयक पास गर्न चाहन्छ । तर, सत्ता साझेदार दलहरुका बीचमा समेत कुरा मिलेको छैन ।

माओवादी केन्द्रकी सांसद एवं राज्य व्यवस्था तथा सुशासन समितिका सदस्य रेशा शर्मा आफुहरु राज्य व्यवस्था समितिबाट पारित भएको विधेयक जस्ताको तस्तै पारित – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
५ असार २०७९, आइतबार
19 June 2022, Sunday

# भूमिहीनलाई प्राथमिकतामा राखेर काम गर्न गृहमन्त्री खाँणको निर्देशन

**रुपन्देही/मस–** गृहमन्त्री बालकृष्ण खाँणले भूमिहीनलाई जग्गा वितरणको कामलाई प्रमुख प्राथमिकतामा राखेर काम अघि बढाउन निर्देशन दिएका छन् । जनतालाई सम्पत्तिको मालिक बनाउन भूमिहीनलाई तत्काल जग्गा वितरण गर्न आवश्यक रहेको उल्लेख गर्दै उनले भूमि आयोग र आयोगका जिल्ला पदाधिकारीलाई परिणाममुखी काम गर्न आग्रह गरे ।

राष्ट्रिय भूमि आयोग, काठमाडौंको आयोजनामा बुटवलमा शनिबार भएको जिल्ला समितिका पदाधिकारीका लागि लुम्बिनी प्रदेशस्तरीय गोष्ठीको उदेघाटन गर्दै मन्त्री खाँणले सबै नागरिकलाई घरजग्गाको स्वामित्व दिलाउनु आयोगको पहिलो दायित्व भएको बताए । सरकारले राजनीतिक पूर्वाग्रह राखेर यसअघिको भूमि आयोग खारेज गरेको नभई संविधानले व्यवस्था गरेअनुरुप सबै प्रक्रिया पूरा गरेर भूमि समस्या समाधान गर्न नयाँ आयोग गठन गरेको उनले उल्लेख गरे ।



‘सरकारका तर्फबाट के गर्नुपर्छ, सबै सहयोग गर्न हामी तयार छौँ, तपाइँहरु काम गर्नुस्,’ मन्त्री खाँणले भने । स्थानीय तहका नयाँ जनप्रतिनिधि पनि आफ्नो पालामा भूमिहीनको समस्या समाधान होस् भन्ने दृढताका साथ लागिपरेको उल्लेख गर्दै उनले आयोग र स्थानीय पालिकाको समन्वमा अव्यवस्थित बसोबास र भूमिहीनको समस्या समाधानका लागि तत्काल अघि बढाउन सुझाव दिए ।

सरकारका कुनै पनि कार्यालयले भूमि आयोगलाई सहयोग दिनु पहिलो दायित्व भएकाले सबैसँग सहयोग लिएर भूमिहीनलाई भूमिको व्यवस्था गरेर आफ्नो कामको सुरुआत गर्न मन्त्री खाँणले पालिकाका प्रमुखहरुलाई आग्रह गरे । लुम्बिनी प्रदेशका पर्यटन, ग्रामीण तथा सहरी विकासमन्त्री डिल्लीबहादुर चौधरीले लालपुर्जा वितरणको काम छिटो थाल्न आयोगका पदाधिकारीसँग आग्रह गर्दै प्रदेश सरकार सहयोग गर्न तयार रहेको बताए ।

आयोगका अध्यक्ष केशव निरौलाले आयोगले सबै प्रक्रिया पूरा गरी छिट्टै भूमिहीनको समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेयले उपमहानगरमा रहेका भूमिहीन तथा सुकुम्वासीलाई लालपुर्जा वितरणका लागि प्रक्रिया अघि बढाएको उल्लेख गर्दै आयोगसँग समन्वय गरेर काम गर्ने बताए ।

# प्रधानाध्यापकको कुटाइबाट शिक्षिका घाइते



**खोटाङ/मस–** प्रधानाध्यापकको कुटाइबाट घाइते बनेकी दिप्रुङ चुइचुम्मा गाउँपालिका-२ डाँडागाउँस्थित साक्षरता प्राथमिक विद्यालयकी शिक्षिका गोमा कार्कीलाई थप उपचारका लागि विराटनगर सिफारिस गरिएको छ । आर्थिक पारदर्शिताको विषयमा विवाद हुँदा प्रधानाध्यापक लक्ष्मी पौडेलले कुटपिट गरेपछि घाइते बनेकी शिक्षिका कार्कीलाई जिल्ला अस्पताल दिक्तेलले शनिबार थप उपचारका लागि विराटनगरको नोबेल अस्पतालका लागि सिफारिस गरेको हो ।

शिक्षिका कार्कीलाई अस्पतालले सिफारिस गरेलगत्तै सुमो गाडी रिजर्भ गरेर विराटनगरतर्फ हिँडाइएको शिक्षिकाका श्रीमान् कृष्ण कार्कीले बताए । शुक्रबार दिउँसो बसेको विद्यालय व्यवस्थापन समितिको बैठकमा सामान्य विवाद हुँदा प्रअ पौडेलले हानेको लात्ताले पेटमा लागेपछि गम्भीर घाइते बनेकी कार्कीलाई आफन्तले गए राति जिल्ला अस्पताल दिक्तेल ल्याई पुर्‍याएका थिए ।

बैठकमा छलफल हुँदाहुँदै प्रअ पौडेलले आफ्नो पानीपेटमा लात्ताले हान्दा स्वास्थ्यमा गम्भीर समस्या निम्तिएको शिक्षिका कार्कीले बताए । विद्यालयमा पाठ्यपुस्तक खरिदका लागि आएको रु १० हजार ८८५, सीप विकासको रु १५ हजार, मसलन्दको रु १५ हजार, अडिटको रु १० हजार, मर्मत कोषको रु नौ हजार, छात्रवृत्तिको रु चार हजार ८००, इन्टरनेटको रु १२ हजार, इन्टरनेट रिजार्चको रु १२ हजार, दिवाखाजाको रु ३४ हजार ५९६ लगायत रु एक लाख ३२ हजार ९३१ को आयव्यायका बारेमा जिज्ञासा राख्दा आफूमाथि कुटपिट भएको शिक्षिका कार्कीले बताए ।

यसअघि अप्रेशन (शल्यक्रिया) गरेको ठाउँमा चोट लाग्दा शिक्षिका कार्कीको स्वास्थ्यमा समस्या निम्तिएको हुनसक्ने अनुमान गरिएको छ । पाठेघरसम्बन्धी समस्या रहेकी शिक्षिका कार्कीको यसअघि तीनपटक नोबेल अस्पताल विराटनगर लगरे शल्यक्रिया गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

जिल्ला अस्पतालमा गरिएको जाँचका क्रममा शिक्षिका कार्कीको अवस्था सामान्य देखिए पनि कुटपिटको घटना भएकाले थप समस्या आउन सक्ने सम्भावनालाई मध्यनजर गरेर अन्यत्र सिफारिस गरिएको जिल्ला अस्पतालका प्रमुख डा. नितु लामाले बताए ।

घटनाको विषयमा आफूकँहा समेत जानकारी आएको र इलाका प्रहरी कार्यालयलाई सत्यतथ्य बुझ्न निर्देशन दिइसकेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक उमेश लम्सालले बताए ।

# ट्रायल सेन्टरमा निगरानी

**काठमाडौं/मस–** यातायात व्यवस्था कार्यालयबाटै सवारी ट्रायल सेन्टरको अनुगमन गर्ने व्यवस्था गरिएको छ । यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र बागमती ललितपुरले एकान्तकुनामा हुने सवारी चालक अनुमतिपत्रको ट्रायल परीक्षा कार्यालयबाटै सिसीटिभीमार्फत अनुगमन गर्ने व्यवस्था गरेको हो । कार्यालयका प्रमुख अच्युतराज रेग्मीले सवारी चालक अनुमतिपत्रको ट्रायल परीक्षालाई थप मर्यादित र पारदर्शी बनाउनका लागि कार्यालयबाटै ट्रायल सेन्टरको अनुगमनको व्यवस्था गरिएको जानकारी दिए । ‘यसअघि ट्रायल सेन्टरबाट मात्र अनुगमन गर्ने व्यवस्था थियो, अहिले कार्यालयबाटै अनुगमन गर्ने व्यवस्था गरेका छौँ, यसले सेवा प्रवाहमा सहज भएको छ’, उनले भने ।

उक्त कार्यालयले अहिले दैनिक एक हजार ५०० देखि दुई हजारसम्म सेवाग्राहीलाई सेवा प्रदान गर्दै आएको छ । सवारी अनुमति पत्रको दर्ता, नवीकरण र राजस्व सङ्कलन गर्दै आएको उक्त कार्यालयमा दैनिक भीडभाड हुँदै आएको छ । सवारी अनुमति पत्र वितरण गर्दा उक्त कार्यालयले नागरिकता, फोटो र प्रवेशपत्र भिडाएर दिने गरेको छ । सिसीटिभी जडान, नागरिकता, फोटो र प्रवेशपत्र भिडाएर सवारी अनुमति पत्र वितरण गरेसँगै रिजल्ट तोडमोड गर्ने परम्पराको अन्त्य भएको सो कार्यालयले जनाएको छ ।

यस्तै, सवारी साधन अनुमतिपत्रको ट्रायल परीक्षा दिने बित्तिकै पास फेल भएको नतिजालाई कार्यालयले तुरुन्तै वेबसाइटमा राख्दै आएको छ । जसका कारण आफू पास वा फेल भएको तत्कालै थाहा पाउन सकिन्छ । कार्यालय प्रमुख रेग्मीले भीडभाड हुने यातायात कार्यालयमा सेवाग्राहीको अनुपातमा कर्मचारी दरबन्दी कम भएको बताए । उक्त कार्यालयमा हाल स्थायी ३४ र करारमा ११ कर्मचारी कार्यरत छन् । यस्तै कार्यालय सहयोगी १८ रहेका छन् । स्थायीमध्ये पनि १० कर्मचारी कार्यालयमा नभएको कारण काममा समेत समस्या हुने गरेको कार्यालय प्रमुख रेग्मीले बताए । विगतमा बिग्रेका अभिलेखका कारण काममा समस्या भएको सो कार्यालयले जनाएको छ ।

# चितुवा नियन्त्रणका लागि तीन ठाउँमा खोर

**दमौली/मस–** तनहुँको बन्दीपुर गाउँपालिकामा चितुवाको त्रास बढेपछि नियन्त्रणका लागि तीन ठाउँमा पासो थापिएको छ । डिभिजन वन कार्यालय तनहुँले बन्दीपुर गाउँपालिका-१ का तीन ठाउँमा चितुवा नियन्त्रणका लागि खोर राखेको हो ।

बन्दीपुर-१ का प्युघर, बाघदले र छापमा बाखासहितको खोर राखिएको गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए । बन्दीपुर-१ र ४ मा चार दिनको अवधिमा चितुवाको आक्रमणबाट एक बालकको मृत्यु भएको छ भने दुई घाइते भएका छन् ।

चितुवाको आतङ्क बढेपछि डिभिजन वन कार्यालयसँगको सहकार्यमा खोर राखिए पनि चितुवा नियन्त्रणमा आउन नसकेको श्रेष्ठले बताए । ‘चितुवाको आतङ्कले यस क्षेत्रका सर्वसाधारण त्रसित छन्’, उनले भने । विगत केही वर्षदेखि तनहुँमा मानव र वन्यजन्तुबीचको द्वन्द्व बढ्दो अवस्थामा छ । विशेषगरी जिल्लामा चितुवाको आक्रमणबाट मानिसको ज्यान जाने गरेको हो । बर्सेनि चितुवाको आक्रमणबाट मानिसको मृत्यु हुने र घाइते हुने क्रम रोकिएको छैन ।

गत मङ्गलबार चितुवाको आक्रमणबाट मृत्यु भएका बन्दीपुर-१ का पाँच वर्षीय बालक सुप्रिम बगाले मगरको परिवारलाई डिभिजन वन कार्यालय र बन्दीपुर गाउँपालिकाले रु ५०-५० हजार हस्तान्तरण गरेको छ । डिभिजन वन कार्यालयबाट थप रु नौ लाख ५० हजार राहत प्रदान गरिने जनाइएको छ ।

यसैबीच गाउँपालिकाले चितुवाको आक्रमणबाट घाइते दुई जनालाई उपचार खर्च सहयोग गरेको छ । गत शनिबार राति र आइतबार बिहान चितुवाको आक्रमणबाट घाइते दुई जनालाई गाउँपालिकाले उपचार खर्च सहयोग गरेको हो । बन्दीपुर-४ की आठ वर्षीया रियाना थापा र बन्दीपुर-१ बाघदलेका ३५ वर्षीया भीमलाल गरञ्जालाई जनही रु १० हजारका दरले उपचार खर्च सहयोग गरिएको गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए ।

बन्दीपुरका अध्यक्ष सुरेन्द्र थापाले चितुवाको आक्रमणबाट बच्न सतर्कता अपनाउन आग्रह गरे । डिभिजन वन कार्यालयका सहायक वन अधिकृत काशीराज पण्डितले चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन र एक्लै नहिँड्न आग्रह गरे । ‘चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्ज्यालो बनाऔँ, झाडी सफा गरौँ, एक्लै नहिँडौँ’, उनले भने, ‘बच्चा तथा वृद्धहरूको विशेष ख्याल र रेखदेख गरौँ ।’ पछिल्लो केही वर्षयता तनहुँमा चितुवाको आक्रमणबाट मानिस घाइते तथा मृत्यु हुने क्रम बढेको छ । मृग, वनकुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको वनको भनाइ छ । ‘मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्नेतर्फ सबै लाग्नुपर्छ’, उनले भने ।

जङ्गल फडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ । वनजङ्गलमा पाइने जीवजन्तु मानिसले शिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ । चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको शिकार मानिस हुन थालेको अध्ययनबाट देखिएको छ । चितुवाको आक्रमणबाट पछिल्लो पाँच वर्षको अवधिमा १२ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट ज्यान गुमाउनेमा १२ वर्षभन्दा कम उमेरका बालबालिका छन् ।

चितुवाको आक्रमणबाट विसं २०७४ फागुन १ गते भानु नगरपालिका-३ दोरदोरका छ वर्षीय विशाल श्रेष्ठ, विसं २०७५ कात्तिक २९ गते भानु-४ जोखानेका चार वर्षीया रञ्जिता लम्साल, मङ्सिर १५ गते भानु-२ ढल्केवरका १० वर्षीय अमृत गुरुङ, विसं २०७६ जेठ २४ गते भानु-२ भकुण्डथोक निवासी नौ वर्षीया पुष्पा अधिकारी, असोज २१ गते भानु-१ जामुनेगैह्राका चार वर्षीय आशिष बानियाँ र भानु-२ फुस्रेटारमा सात वर्षीय ऋतिक रोकाको मृत्यु भएको थियो । स्तै विसं २०७६ पुस १४ गते शुक्लागण्डकी नगरपालिका-३ रातमाटाका २२ महिनाका बालक रविन नेपाली, पुस २० गते आँबुखैरेनी गाउँपालिका-१ रानागाउँका आठ वर्षीय पुजन सिञ्जाली, माघ १३ गते बन्दीपुर-४ लोहीपाखाका १० वर्षीय इशक सुनार, विसं २०७७ साउन २२ गते शुक्लागण्डकी-२ का डेढ वर्षीय नारायण रानाको चितुवाको आक्रमण मृत्यु भएको थियो ।

## टर्‍यो...

भए एसपीपीमा । अमेरिका भ्रमण र एसपीपीको विषयबारे संसदमा सूचना चुहाएको भनी माओवादी केन्द्रका प्रमुख सचेतक गुरुङको जिम्मेवारी खोस्नुपर्ने आवाज भित्रभित्रै कांग्रेस नेताहरु उठाइरहेका थिए भने बाम दलहरु एकताको प्रयासमा लागे ।

संससदमा रहेका ठुला वाम दलहरुले एसपीपीमा एक भएर आवाज उठाएपछि संसद भित्र र बाहिर रहेका साना वाम दलहरु पनि हौसिए । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले एसपीपी सम्झौतामा हस्ताक्षर गर्न नहुने भनी निरन्तर आवाज उठायो ।

संसद बाहिर रहेका विभिन्न ९ कम्युनिष्ट दलले पनि एसपीपीमा सम्झौता गर्न नहुने अडान राखे । एसपीपी नेपालको लागि राष्ट्रघाती सम्झौताको संज्ञा दिँदै उनीहरूल संयुक्त वक्तव्य नै जारी गरे । संसदबाहिरबाट एसपीपीमा संसदमा रहेका वाम दलहरुलाइ साथ दिने साना वाम दलहरु हुन- नेकपा-क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य ‘किरण’, नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेकपा, ऋषि कट्टेल नेतृत्वको नेकपा, नेकपा बहुमत, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, माओवादी कम्युनिस्ट पार्टी, नेकपा माओवादी समाजवादी, नेकपा (मसाल) र जनसमाजवादी मञ्च नेपाल । यी दलहरुले संयुक्त विज्ञप्ति निकालेर एसपीपी अमेरिकाको हिन्द-प्रशान्त सैन्य रणनीतिको एक अंग भएको उल्लेख गर्दै त्यसमा हस्ताक्षर नगर्न चेतावनी दिएका थिए ।

मुलुकमा रहेका वाम दलहरु एक हुने संकेत देखा परेपछि कांग्रेस झस्कियो । पाँच दलीय गठबन्धनबाट प्रधानमन्त्री बनेका शेरबहादुर देउवा पनि झस्किए । कांग्रेस नेताहरु झस्किएको संसदमा सम्बोधन गर्दै गर्दा कांग्रेस महामन्त्री गगन थापाले अभिव्यक्त गरेका धारणाले पनि देखाउँदथ्यो ।

चौतर्फी सरकार र कांग्रेसमाथि प्रश्न र वाम दलहरु एकताको प्रयासमै लागेपछि महामन्त्री गगन थापाले पार्टीमा समेत छलफल नगरी संसदमा बोल्दै प्रधानमन्त्री देउवाकै जवाफ मात्रै मागेनन्, शक्ति राष्ट्रको सामरिक स्वार्थ स्वीकार गर्न नसकिने र समेत आफुनो धारणा नै कांग्रेसको आधिकारिक धारणा भएको बताए । कांग्रेस महामन्त्रीले नै पार्टीको धारणा भनी पार्टीमा छलफल नगरी बोलेको भनी पार्टीभित्र गाईंगुई आलोचना भएपनि उनको अभिव्यक्तिले पाँच दलीय गठबन्धनलाई एक रहिरहन र बाम एकताको प्रयास पर धकेल्न मद्दत गर्नुका साथसाथै एसपीपी अगाडि नबढाउने भनी सरकारका तर्फबाट भन्न बाध्य हुने वातावरण बनेको नेताहरु बताउँछन् । तर, अझै स्वमं प्रधानमन्त्री देउवाले भने अझै एसपीपीबारे आफ्नो धारणा सार्वजनिक गरिसकेका छैनन् । एसपीपीबारे सार्वजनिक रुपमा नबोलेका प्रधानमन्त्री देउवालाई आइतबार संसदको अर्न्तराष्ट्रिय सम्बन्ध समितिले अमेरिका भ्रमण र एसपीपीबारे छलफल गर्न समितिको बैठकमा बोलाएको छ ।

नबोले पनि देउवालाई गठबन्धनबाटै एसपीपीमा पछाडि हट्न दवाव पर्‍यो । विभाजित वाम शक्तिहरुमध्ये केहीलाई साथमा लिएर आसन्न प्रदेश र संघीय चुनावबाट सबैभन्दा ठूलो र सुविधाजनक बहुमत ल्याउने सपना देखिरहेका देउवा सत्ता साझेदार माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालले एसपीपी अगाडि बढे गठबन्धन टुटाउने चेतावनी दिएपछि पछाडि हट्न बाध्य भए । उनले एसपीपी अगाडि नबढाउने बचन दिएपछि तत्कालालई पाँच दलीय गठबन्धनको संकट टरेको स्वमं नेताहरु बताउँछन् । पाँच दलीय गठबन्धन टुट्ने र वाम दलहरु एक हुन सक्ने संकेत देखा परेपछि कांग्रेस नेताहरु एसपीपीलाई छाड्न मात्रै तयार भएनन् कुनै हालतमा स्वीकारिँदैन् भनेर कम्युनिस्ट नेताहरुले बोलेकै भाषा प्रयोग गर्दै गठबन्धन जोगाउनमा सक्रिए भए । तर, एसपीपीमा कांग्रेसमाथि आशंका गर्दै शुरु भएको वाम दलहरुको गठबन्धनको प्रयास भने मरिसकेको छैन् ।

जसको संकेत शनिवार मात्रै माओवादी केन्द्रका नेता वर्षमान पुनले गरेका छन् । आफु प्रधानमन्त्री हुँदा एसपीपीमा नेपाली सेना मार्फत पत्र गएको तथ्य नै बाहिरिएपछि नेकपा एमालेका अध्यक्ष केपी ओलीले आफुलाई पत्र पठाउँदा जानकारी नदिएको भनी नेपाल सेनाका तत्कालिन प्रधन सेनापतिमाथि नै प्रश्न उठाएका थिए । सेनाले एक्लै पत्र पठाएको होइन भनी हालका प्रधानसेनापतिले खण्डन गर्दा गर्दै माओवादी नेता पुनले ओलीकै शैलीमा अमेरिकाले नेपाली सेनामार्फत एसपीपी अघि बढाउन खोजेको टिप्पणी गरे । त्यो पनि

मदन भण्डारी फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा गएर । एमालेको कार्यक्रममा गएर ओलीकै आशयमा नेता पुनले सार्वजनिक अभिव्ययक्ति दिनुले वाम दलहरुको गठबन्धनको प्रयास मरिसकेको छैन भन्ने संकेत गर्दछ । तथापि, पाँच दलीय गठबन्धन टुट्ने आशंका वा टुटाउने प्रयासका लागि एसपीपीको बाहना भने टरेको छ ।

## मन्त्री...

मन्त्री हेरफेरको दबाव बढेको छ ।

जनता समाजवादी पार्टी (जसपा) भित्र मन्त्री हेरफेरको चर्को दबाव छ । अध्यादेशबाट दल विभाजन भएको एकीकृत समाजवादीमा जस्तै जसपामा पनि मन्त्री नपाए पार्टी छोड्ने चेतावनी सांसदहरुले दिएका थिए । तर त्यसबेला थामथुम पार्न सफल जसपा अध्यक्ष उपेन्द्र यादवलाई फेरि अर्को संकट आइलागेको छ । पार्टीभित्र डा.बाबुराम भट्टराई पक्षले असन्तुष्टि जनाउँदै दल विभाजनको चेतावनी दिइरहेका छन् । भट्टराई पक्षले यादवसँगै अशोक राईलाई पनि अध्यक्ष बनाउन दबाव दिइरहेका छन् । अध्यक्ष यादव भने पार्टीमा एकल नेतृत्वको पक्षमा अडिएका छन् ।

अर्का प्रमुख सत्तारुढ दल नेकपा माओवादी केन्द्रभित्र पनि मन्त्री हेरफेरको चर्को दबाव छ । ४९ सांसद रहेको माओवादी केन्द्रभित्र पहिलोपटक मन्त्री चयनमै पनि समस्या देखिएको थियो । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले ४९ जना सांसदमै मन्त्रीको दाबेदार भएको सार्वजनिक अभिव्यक्ति नै दिएका थिए । तर चार मन्त्री र एक राज्य मन्त्री लिएर सरकारमा रहेको माओवादी केन्द्रभित्र फेरि एकीकृत समाजवादीको निर्णयको असर देखिएको छ ।

कांग्रेसभित्र पनि शक्ति सन्तुलन कायम गर्न मन्त्रिपरिषद् हेरफेरको प्रस्ताव छ । संस्थापन पक्षका मात्रै मन्त्री भएकाले पार्टीभित्र शक्ति सन्तुलन मिलाउन सभापति एवम् प्रधानमन्त्री देउवालाई दबाव छ । तर प्रधानमन्त्री देउवा भने गठबन्धन टिकाएर चुनावसम्म लैजान पनि अहिले मन्त्रिपरिषद् पुनर्गठनको पक्षमा देखिएका छैनन् ।

## वैधानिक...

पासवर्ड शेयर नगर्न आग्रह गरेका थिए ।

कार्यक्रममा ग्लोबल आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले जान अन्जानमा थोरै पैसाको लोभमा अवैधानिकरूपमा हुन्डीमार्फत पैसा नपठाउन आग्रह गर्दै परदेशमा रहेका हरेक नेपालीलाई देशको अर्थतन्त्रमा योगदान गर्ने दायित्व रहेको बताए । बज्राचार्यले आफूले आर्जन गरेको पुँजीको वैधानिकता सँगै राज्यबाट पाउने सुविधा प्रयोग गर्न पनि राज्यले तोकेको कानूनी माध्यमबाट पैसा पठाउन अनुरोध गरेका थिए ।

त्यसैगरी आईएमईका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले वित्तीय संस्थाहरूले प्रदान गरेको सुविधा प्रयोग गर्दै प्रवासमा आर्जन गरेको पुँजी पैसा कमाउनेसँगै बचत गरेर उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक रहेको औंल्याए । विकासोन्मुख देशमा वैदेशिक रोजगारी बाध्यता रहेको भन्दै विदेशमा मिहेनत गरेर कमाएको पुँजी हाइपर फन्ड, क्रिप्टो करेन्सी असुरक्षितसँगै गैरकानुनी भएकाले त्यस्तोमा लगानी नगर्न उनले आग्रह गरे ।

कार्यवाहक राजदूत लक्ष्मण खनालको सभापतित्वमा सम्पन्न कार्यक्रममा दूतावासका विभिन्न क्षेत्रमा रहेका संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो । गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण दूतावासका द्वितीय सचिव प्रवीण भट्टराईले गरेका थिए ।

## प्लान्टेशन...

गरेका हुन् । मलेसियाले जनवरी २८ बाट प्लानटेशन क्षेत्रमा विदेशी कामदार लैजान शुरू गरेको हो । तर पाँच महिनाको अवधि गुज्रिएको अवस्थामा पनि १ लाख २० हजार कामदारको अभाव रहेको बताइएको छ ।

मलेसियाको प्लान्टेशन उद्योग तथा कमोडिटी मामिला मन्त्री जुरौदा कमरूद्दीनले भारत र पाकिस्तानबाट कामदार लगेपनि प्लान्टेशन क्षेत्रको समस्या समाधान नहुने भन्दै उद्योगीहरूलाई अटोमेसन प्रणालीमा जान सुझाव दिएकी छन् ।

‘प्लानटेशन उद्योगमा हुने विदेशी कामदारको अभाव पूर्तिका लागि स्वदेशी कामदारलाई त्यस क्षेत्रको रोजगारीमा आकर्षित गर्ने र अटोमेसनमा जानुको विकल्प छैन,’ उनले भनेकी छन् । ड्रोन प्रयोग गरेर औषधि छर्ने र हेरचाह गर्ने काम गर्न सकिने भन्दै त्यसले उत्पादनको लागतसमेत घटाउने उनको भनाइ छ । मलेसियाले कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढेपछि दुई वर्षअघिबाट विदेशी कामदार नलग्दा हाल समस्या आएको रोजगारदाताहरूको गुनासो छ । नयाँ कामदार नजाँदा कोरोना अघि मलेसिया गएका कामदारले स्वदेश फर्किन समेत लामो समय कुर्नुपर्ने बाध्यता रहेको त्यहाँका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।


## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (ब.सु.पु.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०७९/०३/०५

यस कार्यालयबाट मिति २०७९/०१/२३ गतको राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकासित बोलपत्र आह्वानको सुचना अनुसार मध्यविन्दु नगरपालिकाको Procurement Of Sanitary Pad को रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | 03/MBMG/Goods/2078/79 Procurement Of Sanitary Pad | Jasmine Hygiene Products Pvt.Ltd., Morang | 1549727.20 | |

प्रमुख प्रशासकीय अधिकृत

# ‘राजनीतिक हस्तक्षेपले न्यायमा समस्या’



**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असार

न्यायालयमा राजनीतिक हस्तक्षेप गर्न नहुने एक कार्यक्रमका सहभागीहरुले बताएका छन् । काठमाडौंमा शनिबार असंलग्न वकिल संगठनले आयोजना गरेको ‘न्यायपालिका सम्बन्धी समसामयिक विषयमा वकिलहरुको भूमिका’ विषयक अन्तरसंवाद कार्यक्रममा सहभागीहरुले राजनीतिक हस्तक्षेपका कारण नै न्यायालय समस्यामा परेको बताए ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता देवेन्द्रराज शर्माले न्याय क्षेत्र सुधार गर्न नसकिएको भन्दै गुनासो गरे। उनले भागवण्डाका कारण न्याय क्षेत्र नै उपेक्षित बन्ने गरेको बताए ।

अधिवक्ता त्रिलोक बहादुर चन्दले वकिलहरु राजनीतिक पार्टीमा लाग्न नहुने भन्दै स्वतन्त्र हुनुपर्ने बताए । संगठनका अध्यक्ष डा. पुण्यप्रसाद खतिवडाले आफुहरु न्यायालय र बारलाई थप मजबुत बनाउन राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता गर्न खोजिएपनि सो अनुसार दर्ता हुन नसकेको बताए । आम नागरिकको हित हुने गरी संस्था अगाडि बढ्ने उनको प्रतिबद्धता थियो।

संगठनका कोषाध्यक्ष अधिवक्ता शीतल सुवेदीले कानून पेशालाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी विशुद्ध पेशागत रुपमा सहकार्य गर्नका लागि आफुहरु लागिपरेको बताए। उनले राष्ट्रिय निर्देशन ऐन बमोजिम संगठन दर्ता गर्न खोज्दा प्रशासनबाट अवरोध भएपछि अहिले सर्वोच्चमा रिट दर्ता भएको बताए । उनले संगठन आगामी दिनमा देशव्यापी रुपमा अगाडि बढ्ने पनि बताए ।

कार्यक्रममा संगठनका उपाध्यक्ष अधिवक्ता मनोहर लामिछानेले स्वागत मन्तव्य राख्दै न्यायालयसमेत भागवण्डाको अवस्थामा पुग्नु दुखद पक्ष रहेको बताए ।

उनले न्यायालयमा राजनीतिक गन्ध आउन नहुने भन्दै न्यायालय राजनीतिमुक्त बन्नुपर्नेमा जोड दिए ।

संगठनका महासचिव दीपकविक्रम मिश्रले आफुहरुले राजनीतिकरुपमा तटस्थ रही कानूनका विद्यार्थी, नवोदित लगायतलाई समेटेर अघि बढ्ने बताए।

कार्यक्रममा सहभागी अधिवक्ताहरुले न्याय क्षेत्रमा राजनीतिक कारणले उचित मात्रामा न्याय सम्पादन हुन नसकेको भन्दै गुनासो गरेका थिए ।

उनीहरुले मुद्दाको फैसला समयमै हुन नसक्दा समस्या हुने गरेको गुनासो राखेका थिए । न्याय राजनीति गन्धका कारण समस्या परेको भन्दै साधारण जनताले सहजै न्याय पाउने अवस्था नरहेको बताए । दलाली, दासत्व र दम्भका कारण न्यायालय समस्यामा परेको उनीहरुको भनाइ थियो ।

उनीहरुले वकिलले तथ्यपरक ढंगले न्याय प्रदान गर्न सहयोग गर्नुपर्नेमा जोड दिएका थिए । न्यायालयमाथिको हस्तक्षेप मुक्त गर्नका लागि संगठनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने उनीहरुको जोड थियो। न्यायपालिकामा राजनीति नियुक्त हुन नहुने भन्दै उनीहरुले न्याय क्षेत्रमा विकृति विसंगति आएको बताएका थिए ।

असंलग्न वकिल संगठन राष्ट्र तथा आम नागरिकप्रति जिम्मेवार रही कार्य गर्न असंलग्नरुपमा पेसागत हैसियतको राष्ट्रव्यापी संगठन रहेको तथ्यलाई मध्यनजर गर्दै स्थापना भएको वकिलहरुको संगठन हो।

कानून पेसाकर्मीहरुको हक हितको संरक्षण सम्वर्द्धन गर्दै राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम दर्ता भई संरचनात्मक सुदृढीकरण गरी राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा विशिष्ट पेसागत हैसियत, मान्यता, विश्वास तथा भरोसा प्राप्त गर्दै वकिल, न्यायाधीश, न्यायप्रशासक लगायतका न्यायकर्मीहरुप्रति जनआस्था तथा विश्वास अभिवृद्धि गर्ने उद्देश्य संगठनले राखेको देखिन्छ ।

# कतारमा मनाइयो भूम्या पर्व




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ४ असार

नेपाल मगर संघ कतार शाखाको मातहतमा रहेको नेपाल मगर सांस्कृतिक परिवारले भूम्या पर्व-२०७९ भव्यतका साथ बनाएको छ। नेपाल मगर सांस्कृतिक परिवार कतारका अध्यक्ष दीपक एक्चाई मगरको अध्यक्षता तथा संघका अध्यक्ष विवेक पुलामी मगरको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

मगर संस्कृतिको मौलिकता झल्काउने भूम्या नृत्य, सालैजो, कौरा, लोक तथा आधुनिक गीतहरू प्रस्तुत गरिएको थियो। कार्यक्रममा नेपालको पूर्वी भेगमा नाचिने सुप्रसिद्ध हुर्रा नाच प्रस्तुत गरिएको थियो । जनक थापा मगर, टेक रसाइलीका साथै थुप्रै स्थानीय कलाकारहरूले साङ्गीतिक प्रस्तुति दिएका थिए ।

मगरहरूले परापुर्वकालदेखि नै भूमि र भूमि देवतालाई पूजा गर्नाले उनीहरूमा मातृभूमि प्रतिको भावना धेरै रहेको मानिन्छ। प्रकृति पुजक मगर समुदायले परापूर्व कालदेखी नै अति नै महत्वका साथ मनाउँदै आएका छन् । भुम्या पर्व अठार मगरांत क्षेत्रका मगरहरू लगायत सबै मगरहरूको मुख्य चाडका रूपमा रहेको छ । सांस्कृतिक सचिव पाण्डप थापा मगर र केन्द्रीय महासचिव लोक सिंजाली मगरले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष मगरले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद ज्ञापन गरेका थिए । सन् २०२२/२३ सांस्कृतिक बाङ राजा विनोद राना मगर, नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष पुरुषोत्तम सुनुवार, बुद्धिजीवी तथा समाजसेवी लगायत मगर तथा गैर मगरहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# रातो च्याउको मूल्य प्रतिकिलो २० हजार



**काठमाडौं/मस–** रातो च्याउ (गानोडोर्मा) को व्यवसायिक उत्पादन तथा विक्री वितरण शुरु भएको छ । पाल्पाको भैरब च्याउ उद्योगले उत्पादन गर्दै आएको रातो च्याउको काठमाडौं बालाजुस्थित गुराँस खाद्य उद्योग प्रालिले विक्री वितरण शुरु गरेको हो ।

‘पाल्पाली जाग्यो रहर, काठमाडौंलाई बनाउने रातो च्याउको शहर’ नाराका साथ रातो च्याउको उत्पादन तथा विक्रीवितरण शुरु गरेको उद्योगले जनाएको छ । भैरब च्याउ उद्योगका अध्यक्ष केशब बहादुर कार्कीका अनुसार रातो च्याउन लोकप्रिय औषधीय गुण भएको बहुउपयोगी च्याउ हो । ‘यसको सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ’ उनले भने । नेपालको जंगलमा पनि रातो च्याउ पाइने अध्यक्ष कार्कीले बताए । यसको आकार पंखा जस्तै फैलिएको हुन्छ। यो च्याउ अरु च्याउ जस्तो नरम र मीठो हुँदैन। यो काठ जस्तो साह्रो हुन्छ र स्वाद पनि तीतो हुन्छ। त्यसैले यो च्याउ अन्य च्याउ जस्तै तरकारी बनाएर खान सकिन्न । सुकाएको रातो च्याउको टुक्राहरु पानीमा उमालेर रस चियाको रुपमा पिउन पर्ने हुन्छ। यो च्याउ क्यान्सर र एचआईभी एड्स रोगीका लागि अति उत्तम मानिन्छ । उद्योगका अनुसार रातो च्याउको खुद्रा मूल्य प्रतिकिलो २० हजार रुपैयाँ पर्दछ। होलसेलमा १२ देखि १५ हजार रुपैयाँसम्म पर्ने अध्यक्ष कार्कीले जानकारी दिए। उनका अनुसार उद्योगले पाँच वर्ष अगाडिदेखि सिताके च्याउको पनि व्यवसायिक उत्पादन तथा विक्री वितरण गर्दै आएको छ।

# कार्यालय प्रमुख र लेखापालको मिलेमत्तोमा ६० लाख हिनामिना




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ असार

डिभिजन वन कार्यालय, रौतहटका कर्मचारीहरु आन्दोलनमा उत्रेका छन्। डिभिजन वन प्रमुख अमरदेव यादव र तत्कालीन लेखापाल नीलबहादुर रायमाझीले ६० लाख रुपैयाँ हिनामिना गरेको आरोप लगाउँदै उनीहरु नियमित काम छोडेर आन्दोलनमा उत्रेका हुन् ।

डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत वन अधिकृत, रेन्जर, फरेस्टर, वन रक्षक, जम्दारलगायतले पाउनुपर्ने सेवा सुविधा बापत कट्टी गरिएको करिब ६० लाख रुपैयाँ सम्बन्धित खातामा जम्मा नगरी हिनामिना गरेको उनीहरुको आरोप छ ।

१ वर्ष ८ महिनादेखि सञ्चय कोष, नागरिक लगानी कोष, बीमा तथा सामाजिक सुरक्षा कर कट्टी रकम प्रमुख यादव र लेखापाल रायमाझीले दाखिला नगरेको भन्दै आन्दोलनमा उत्रनुपरेको उनीहरुले बताएका छन् ।


‘वन कार्यालयमा कार्यरत १ सय १० जना कर्मचारीको सेवा सुविधाबापतको रकम कोष दाखिला भएको छैन, कर्मचारीले पाउने सेवा सुविधा अन्तर्गतको रकम जबसम्म दाखिल हुँदैन तबसम्म काममा नजाने जुनियर वन प्राविधिक संघ रौतहटका अध्यक्ष विजयलाल दत्तले बताए ।

कर्मचारीले पाउनुपर्ने सेवा सुविधाबारे डिभिजन वन प्रमुखलाई अवगत गराउँदासमेत बेवास्ता गरेको कारण प्रमुखको पनि मिलेमतो रहेको वन अधिकृत विमल ठाकुरको आरोप छ । तत्कालीन लेखापाल नीलाबहादुर रायमाझीले कर्मचारी सञ्चय कोषमा रकम जम्मा नगर्दा समस्या देखिएको डिभिजन वन कार्यालय, चन्द्रनिगाहपुरका प्रमुख अमरदेव यादवबो भनाइ छ। आफ्नो कुनै संलग्नता नरहेको उनको दाबी छ । प्रमुख यादव र लेखापाल रायमाझीले स्थानीय पत्रपत्रिका लागि छुट्याइएको रकमसमेत हिनामिना गरेको स्थानीय सञ्चारकर्मीले आरोप लगाएका छन् ।

रुकुम पश्चिम डायरी

**सत्य बटाला/मध्यान्ह**

# १८ वर्ष पुरानो तुइनमा ३ सय घर परिवारको जोखिमपूर्ण यात्रा



जाजरकोट र रुकुम पश्चिमका तीन सय घर परिवार जीर्ण तुइनको यात्रा गर्न बाध्य बनेका छन्। जाजरकोटको नलगाड नगरपालिका वडा नम्बर १ ठुलाबगर र रुकुम पश्चिमको आठविसकोट नगरपालिका वडा नम्बर १४ छोटेबगर जोड्ने भेरी नदिमा झोलुङ्गे पुल नबन्दा स्थानीय करिब १८ वर्ष पुरानो तुइन चढ्न बाध्य बनेका हुन् ।

पुल नहुँदा विद्यार्थी र स्थानीयले आवतजावत गर्न तुइनको सहारा लिने गरेका छन्। करिब १८ वर्ष पहिले स्थानीयले आफ्नै लगानीमा निर्माण गरेको तुइनबाट जोखिम मोलेर यात्रा गर्नु परेको स्थानीय ज्ञाण बहादुर घर्तीले मध्यान्हलाई बताए।

उनका अनुसार यस क्षेत्रमा करिब ३ सय घर परिवारले उक्त तुइनको प्रयोग गर्दै आएका छन्। १ सय भन्दा बढी बालबालिकाहरु तुइनको भरमा विद्यालय जाने गरेका छन् ।

त्यस क्षेत्रको मुख्य बजार रिम्ना जाँदासमेत स्थानीयहरु जोखिमपूर्ण तुइनको यात्रा गर्छन्। दैनिक उपभोग्य वस्तु दाल, चामल, नुन, तेल ल्याउन ल्याउँनका साथै बिरामी हुँदासमेत अस्पतालसम्म पुग्न तुइनकै भर पर्नुपरेको स्थानीयको भनाइ छ। ‘स्थानीय सरकार आयो, अब दुःखको दिन हट्लान भनेर आश गरियौं, तर हाम्रो समस्या कहिल्यै सम्बोधन भएन ।’ स्थानीय घर्तीले भने ।

ठुलाबगरबासीका अनुसार उनीहरुले झोलुङ्गे पुलको अवश्यकताबारे पटकपटक स्थानीय सरकारलाई प्रस्ताव गरे तर झुटो आश्वासन मात्र पाउने गरेका छन्। जाजरकोटको ठुलाबगार, दमसिला, जुरेली, गैरिखर्क, लोटाबारा, र पालीलगायतका बासिन्दा झोलुङ्गे पुल बन्ने आशामा छन्। तर, उनीहरुको त्यो आशा कहिले पुरा हुने हो थाहा छैन। अहिले स्थानीय तहमा नयाँ सरकार बनेको छ। यस पटक फेरि पुन निर्माणका लागि पहल गर्ने स्थानीयले बताएका छन् ।

# वडा अध्यक्ष घरमै मृत भेटिए

रुकुम पशिचम, ४ असार । जाजरकोटको कुशे गाउँपालिकाका वडा नम्बर ७ का अध्यक्ष मनबहादुर घर्ती मृत फेला परेका छन् ।

वडा अध्यक्ष घर्ती शुक्रबार वडा कार्यालयबाट घर फर्किएर खाना खाई सुतेका थिए । तर शनिबार अचानक मृत फेला परेको पारिवारिक स्रोतले जनाएको छ।

शुक्रबार वडा कार्यालयमा बैठक बसेर घर फर्केका घर्ती शनिबार बिहान मृत फेला परेको कुशे गाउँपालिका उपाध्यक्ष देवीका सिंहले मध्यान्हलाई जानकारी दिइन् । घर्ती नेकपा माओवादी केन्द्रबाट निर्वाचित बनेका थिए।

# भेरी साहित्य समाजद्वारा स्रष्टालाई सम्मान



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ४ असार

भेरी साहित्य समाज बाँकेले विभिन्न साहित्यकारहरुलाई सम्मान गरेको छ । समाजको काव्य विभागले गरेको कार्यक्रममा भारतको महाराष्ट्र राज्यका साहित्यकार डा. राजेन्द्र खटाटे, श्रीमती मनिषा खटाटे र नेपाल भारत मैत्री संघ नेपालका वरिष्ठ उपाध्यक्ष तथा साहित्यकार सुष्मा शर्मालाई सम्मान गरिएको हो । काव्य विभागका संयोजक तथा साहित्यकार मिना बरालको अध्यक्षतामा कथाकार सनत कुमार रेग्मीको प्रमुख आतिथ्यिमा साहित्यिक विमर्श तथा सम्मान कार्यक्रम सम्पन्न भएको थियो ।

भेरी साहित्य समाज केन्द्रीय समिति नेपालगन्जका महासचिव लेक प्रसाद प्याकुरेलले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष चरित्रा शाहले स्वागत मन्तव्य राखेकी थिइन् । भेरी साहित्य समाज केन्द्रीय समिति नेपालगन्जका अध्यक्ष हरिप्रसाद तिमिल्सिनाले सम्मानित भएका तीनै जनाको सम्मानपत्र पढेर सुनाएका थिए । कार्यक्रममा लेखक तथा साहित्यकार नरेन्द्र जङ्ग पिटर, डा. इन्द्र बहादुर भण्डारी (इन्द्रणी), भेरी साहित्य समाज केन्द्रीय समितिका अध्यक्ष तथा प्राज्ञ सदस्य हरिप्रसाद तिमिल्सिना, शिक्षाविद् तथा साहित्यकार किरण आचार्य, अवधी साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष बिष्णु लाल कुम्हार, नेपाल भारत मैत्री संघ नेपालका वरिष्ठ उपाध्यक्ष तथा साहित्यकार शर्मा, डा. खटाटे, मनिषा खटाटेले आ-आफनो विचार राखेका थिए ।

यस्तै कार्यक्रममा कल्पना फाउण्डेशनका अध्यक्ष कल्पना पौडेल (जिज्ञासु), प्रकाश गिरी, पूर्णतारा फाउण्डेशनका अध्यक्ष तारा खत्री (रोकाय), नवराज भट्ट, इन्दिरा गौतम, बालकृष्ण शर्मा (रेग्मी), प्रियंका बैश्य, फणिन्द्र आचार्य, पुष्पमणि प्रधान, पत्रकार निरू जोशी र पवन जायसवाल लगायत केन्द्रीय समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

# एसपीपी खारेजीको माग गर्दै प्रदर्शन

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) निकट युवा संघ नेपालले स्टेट पार्टनरसीप प्रोग्राम (एसपिपी) को विरोधमा शनिबार प्रदर्शन गरेको छ ।

माइतीघर मण्डलामा युवा संघका अतिरिक्त क्रियाकलाप विभागले आयोजना गरेको विरोध प्रर्दशनमा सहभागी युवाले एसपिपीका बारेमा सरकारले स्पष्ट पार्नुपर्ने माग गरेका हुन् । सहभागीहरूले ‘एसपिपी अस्वीकार गर’, ‘आन्तरिक मामिलामा हस्तक्षेप नगर’, ‘एसपिपी चाहिँदैन देश बेच्न पाइँदैन’ लगायत नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए ।

विरोध प्रदर्शन पश्चात आयोजित कोणसभालाई सम्बोधन गर्दै एकीकृत समाजवादीकी पोलिटब्यूरो सदस्य एवं युवा संघका इन्चार्ज दिलु पन्तले एसपिपीका विषयमा विभिन्न व्यक्ति तथा संस्था जोडिएको र थप अन्योल सिर्जना गरेकाले यस विषयमा सरकार गम्भीर हुनुपर्ने बताए । उनले एसपिपी राष्ट्रको हितविपरित रहेको भन्दै यसलाई खारेज गर्नुपर्ने माग गरे ।

पार्टीका केन्द्रीय सदस्य एवं युवा संघका अध्यक्ष नरेश शाहीले एसपिपी सम्झौता प्रक्रिया अगाडि बढाउनेलाई देश निकाला गर्नुपर्ने बताए । उनले एसपिपीमार्फत राष्ट्रलाई कमजोर पार्ने देशद्रोहीलाई कारबाही गर्नुपर्नेमा जोड दिए ।

# हज यात्राका लागि दुई दिने तालिम



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ४ असार

रौतहटबाट हजयात्रामा सहभागी हुनेहरुका लागि दुई दिने तालिम दिइएको छ ।

हजको धार्मिक इस्लामिक सम्पूर्ण अर्कान पठनपाठन सम्बन्धमा दुई दिने तालिम प्रदान गरिएको हो । जिल्ला सदरमुकाम गौरको मदरसा इस्लामीया मस्जिदमा सम्पन्न तालिममा धर्मगुरु जमेयत उलमाए इस्लामका अध्यक्ष मौलाना मोहम्मद वकिल अहमद हुसेनीले प्रशिक्षण दिएका थिए । तालिम अन्तर्गत इस्लामिक रिती अनुसार हरेक वर्ष हज यात्रामा जाने हाजीहरुलाई धार्मिकको सम्पूर्ण दुवा प्रार्थना सिकाउँदै आइरहेको स्थानीय मौलाना फैयाजले जानकारी दिए ।

गौर तैयब अस्पतालको नेतृत्वमा डा.मोहम्मद अनजुम तैयबको सहयोगमा भएको कार्यक्रममा हज यात्रीलाई दुवा प्रार्थना अनिवार्य रुपमा जरुरी रहेको बताइएको थियो। बिना दुवा प्रार्थनाको हजबाट सफलता नमिल्ने मौलाना मोहम्मद मुफितलौ बताए। दुई दिनसम्म चलेको तालिममा नामाज पढेर हज यात्रीहरूलाई बिदाई गरिएको डाक्टर मोहम्मद अनजुम तैयबले मध्यान्हलाई जानकारी दिए ।

आवश्यकता
एक प्रतिष्ठित मेनपावर कम्पनिको लागी निम्न कर्मचारीको आवश्यकता
१. डकुमेण्टेशन अफिसर-२ (महिला/परूषु)
२. एकाउन्टेट -२ (महिला/पुरूष)
सम्बन्धित क्षेत्रमा २ वर्ष काम गरेको अनुभव भएकाहरूलाई प्राथमिकता दिईनेछ ।
तलब आपसी सहमतिमा
रकि ईन्टरनेशनल प्रा. लि.
कलंकी, स्यूचाटार काठमाडौं,
फोन: ०१-५२२४५०३, ९८४२४१६३६७
श्रम ईजाजत न.: ५६४/०६२/०६३

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना
तेस्रो पटक प्रकाशित मिति: २०७९/०३/०५
**हिमालय ग्रिन्ड कफि प्रा.लि.** को मिति **२०७४/०८/१०** गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माउन्ट स्ट्राडा कफि प्रा.लि. (प्रा. लि. नं.: १४९४६९**, कायम गर्ने गरी मिति **२०७४/०८/१४** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com

५ असार २०७९, आइतबार
19 June 2022, Sunday

## सम्पादकीय

# प्रणालीमै प्रश्न

अमेरिकी स्टेट पाटनरसीप प्रोग्राम (एसपीपी) अगाडि नबढाउन राजनीतिक नेतृत्व लगभग सहमत भएको देखिन्छ । प्रधानमन्त्री निवास बालुवाटरमै बसेको सत्तारूढ गठबन्धनको बैठकले एसपीपी अगाडि नबढाउने सहमति जुटाएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाको सम्भावित अमेरिकी भ्रमणका क्रममा एसपीपी सम्झौता हुनसक्ने भन्दै चर्को आलोचना भएपछि सत्तारूढ दलहरूको बैठक बसेको थियो । बैठकले एसपीपी अगाडि नबढाउने निर्णय गरेपनि प्रमुख विपक्षी दल नेकपा एमालेका नेताहरूले सार्वजनिक खपतका निम्ति चर्को आवाज उठाए । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले रोकेको एसपीपी गठबन्धन सरकारले अगाडि बढाएको उनीहरूको आरोप थियो । तर एकाएक घटना मोडियो, जब एसपीपी प्रस्तावको पत्र ओली प्रधानमन्त्री हुँदा नै अमेरिकी दूतावासमा गएको पत्र सार्वजनिक भयो । यो पत्रपछि एमाले वृत्त नराम्रोसँग झस्कियो ।

एमाले नेताहरूले एसपीपीमा आफ्नो नेतृत्वको संलग्नता नभएको प्रारम्भिक प्रतिक्रिया दिएका थिए । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले त प्रतिनिधिसभा बैठकमै चुनौती दिएका थिए । उनले चुनौती मात्रै नभएर नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले माफी माग्नुपर्ने माग राखेका थिए । तर सन् २०१५ मा पठाइएको उक्त पत्र सार्वजनिक भएपछि घटना मोडियो, ओली स्वयम् स्वीकारे । तर आफू नेतृत्वको सरकार हुँदा गएको पत्रबारे राजनीतिक नेतृत्वलाई जानकारी नदिएको ओलीको भनाइ थियो । उनी निकट नेता प्रदीपकुमार ज्ञवालीले पनि शनिबार राजनीतिक नेतृत्वलाई राजनीतिक नदिई नेपाली सेनाले पत्र पठाएको बताएका छन् । ज्ञवालीसँग मिल्दो अभिव्यक्ति माओवादी केन्द्रका नेता वर्षमान पुनले पनि दिएका छन् ।

माओवादीभित्र बलियो प्रभाव राख्ने नेता पुनले अमेरिकी प्रस्ताव सेनामार्फत् आउनु र सेनाले राजनीतिक नेतृत्वलाई छलेर पटकपटक पत्राचार गर्नुलाई सामान्य रूपमा हेर्न नहुने बताएका छन् । भलै, एसपीपी तत्काललाई अगाडि नबढ्ने देखिन्छ । तर राजनीतिक नेताहरूको अभिव्यक्तिलाई आधार मान्ने हो भने मुलुकमा प्रणालीगत समस्या यथावत छ । परराष्ट्र नीति, सम्बन्ध र व्यवहारबीच तालमेल नदेखिएको प्रष्ट हुन्छ । मुलुककै हितमाथि गम्भीर प्रश्न उठ्ने एजेण्डामा दलहरूबीच राष्ट्रिय सहमति आवश्यक हुन्छ । तर राजनीतिक दलहरूले भोटको राजनीतिक गर्ने र दलहरूको त्यही प्रवृत्तिबाट फाइदा उठाउनेगरी अन्य शक्ति लाग्नु उचित होइन । आगामी दिनमा यस्ता कमजोरी सच्याउन आवश्यक छ, मुलुक संविधान र संवैधानिक भावनाबाट चल्नु निर्विकल्प छ ।

# निर्वाचनमा देखिएको राजनीतिक संस्कार

*दलभित्र आन्तरिक लोकतन्त्र सबल बनाउदै सामूहिक एकताको भाव जगाउनु पर्छ । सभ्य र सुसंस्कृत तवरबाट देश र जनताको सेवा गर्न तत्पर रहनुपर्छ ।*

**अग्रलेख**



● झलक शर्मा

घरदैलोको सरकारको रूपमा स्थानीय सरकारलाई चिनिन्छ । जनताको नजिक रहने र शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता गराउने उद्देश्य स्थानीय सरकारले राखेको हुन्छ । गत वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनले नेपाली जनतामा उत्साह थपेको छ । जनताले नयाँ जनप्रतिनिधि पाएका छन् । यसैक्रममा स्थानीय तहको निर्वाचनले राजनीतिक संस्कारबारे प्रश्न उठाएको छ । केही मतदान केन्द्रमा निर्वाचन सभ्यरूपमा सम्पन्न हुन सकेन । यसको दोष राजनीतिक दललाई नै जान्छ । निर्वाचन आयोगले समग्रमा शान्तिपूर्ण भनेता पनि राष्ट्रिय मानवअधिकार आयोगले भने शान्तिपूर्ण रूपमा सम्पन्न नभएको बताएको छ । २०७४ सालको स्थानीय तहको निर्वाचनमा ७४.५२ प्रतिशत मत खसेकोमा यसपटक भने निर्वाचन आयोगको विवरणअनुसार मात्रै ६४ प्रतिशत मत खसेको छ । कुनै मतदान केन्द्रमा राति अबेरसम्म मतदान भएको र पुनः मतदान गर्नुपर्ने भएकोले यस विवरण भने परिवर्तन हुन सक्ने छ । मुलुकभर ७७ मतदान केन्द्रमा चुनाव स्थागित भएको छ । रोकिएको चुनाव पुन सञ्चालन गर्नु निर्वाचन आयोगलाई चुनौतीपूर्ण हुन सक्छ ।



मतदानका दिन केही स्थानमा बुथ कब्जा गर्ने, अरुको नाममा मत राख्न खोज्ने, एउटै व्यक्तिलाई एकभन्दा बढी मतपत्र दिने श्रृखंलाले निरन्तरता पायो । केही मतदान केन्द्र रणमैदान पनि बने । मतपत्र च्यात्ने, मतपेटिका लुट्ने, फुटाल्ने, हानाहान् तथा आक्रमणमा उत्रने, अपशब्द बोल्ने जस्ता उच्छृङ्खल गतिविधि पनि देखा परे । मतदाताले सुरक्षित साथ ढुक्क भएर मतदान गर्न सकेनन् । निर्वाचनलाई व्यवस्थित गर्न खटिएका कर्मचारीमा पनि केही गल्ती कमिकमजोरी देखिए । उनीहरु डर, धम्की, प्रलोभनको शिकारमा परेको पनि आभाष हुन्छ । दलहरु जब आफू हारिन्छ जस्तो शंका लागेमा निर्वाचन विथोल्न खोज्ने, विभिन्न बाहानाले निवार्चनलाई प्रभावित पार्न खोजेको देखियो । अशक्त, वृद्धवृद्धा, दृष्टिविहीनको साहारा प्रतिनिधिले मतदाताको इच्छा विपरित आफ्नो समर्थित दलको पक्षमा मतदान गर्दिने कार्यले यो निर्वाचनमा पनि निरन्तरता पायो । मतदान केन्द्रको आसपासमा नै दलले घोषित वा अघोषित भोज गरेर मत तान्ने प्रयास गरेको पनि देखियो । राजनीतिक दलले आफ्ना बढी कार्यकर्ता भएको क्षेत्रलाई आफ्नो गढ मान्ने गरेको छ । त्यही गढको दम्भले निर्वाचनमा अरु दलका प्रतिनिधिलाई नटेर्ने, नगन्ने, अनियमितता गर्न खोज्ने प्रवृत्ति पनि हावी भयो । दलका शीर्ष नेताको चुनावी भाषण पनि जनता तर्साउने खालका भए । शीर्ष नेताबाटै मतदान गरेको मतपत्रसमेत मिडियालाई देखाएर गोपनियता भङ्ग गरे । एकातिर सत्ताको उन्मात त अर्कोतिर ठूलो दलको घमण्डको दृश्य प्रष्ट देखिएको थियो ।

*मतदानका दिन केही स्थानमा बुथ कब्जा गर्ने, अरुको नाममा मत राख्न खोज्ने, एउटै व्यक्तिलाई एकभन्दा बढी मतपत्र दिने उच्छृङ्खलले निरन्तरता पायो । केही मतदान केन्द्र रणमैदान पनि बने । मतपत्र च्यात्ने, मतपेटिका लुट्ने, फुटाल्ने, हानाहान् तथा आक्रमणमा उत्रने, अपशब्द बोल्ने जस्ता उच्छृङ्खल गतिविधि पनि देखा परे । मतदाताले सुरक्षित साथ ढुक्क भएर मतदान गर्न सकेनन् ।*

नेपालको चुनावी खर्च कति महँगो छ भन्ने कुरा त राजनीतिक दल र स्वयम् उम्मेदवारलाई थाहा छ । गरिब र कमजोर व्यक्तिले चुनाव लड्ने आँट नै गर्न सक्दैनन् । खर्च गर्न सक्ने हैसियत भएका धनाड्यमाथि दलको नजर उम्मेदवार बनाउने नै हुन्छ । राजनीतिक दलको उम्मेदवार चयनमा जसले खर्च गर्न सक्छ, उसैले चुनावी टिकट पाउछ । यो कुरा आम् राजनीतिक दलमा आवद्ध भएका व्यक्तिहरुमा छर्लङ्ग छ । राजनीतिक दलले आफ्ना कार्यकर्तालाई कसरी प्रशिक्षण गराएका छन् र संस्कार सिकाएका छन् भन्ने विषय चुनावी माहोलमा भएको आतंकबाट नै थाहा हुन्छ । ढुंगा मुढाको राजनीतिले युवाको राजनीतिक चरित्र उदाङ्गो पारिदियो । नेपालको राजनीतिक दलमा गुण्डा गर्दी मौलाएको छ । यस्तै गुण्डा गर्दीको बल र पाखुराबाट चुनाव जित्ने मुर्खाई दलहरुले राख्ने गरेको महशुस गरायो । जनताको मन जित्नु गौण भयो जसको शक्ति उसको भक्ति भने झैं चुनावलाई हेरियो । दण्डहिनताले चुनावलाई अर्थपूर्ण बनाउन सकेन । जसले गर्दा जनताको भावनाको कदर हुन सकेन । राजनीतिक दलका उम्मेदवार पनी केही विवादमा तानिएका परे ।

पार्टीभित्रको असन्तुष्टि निर्वाचनमा नै दखियो । पार्टीभित्र र गठबन्धन गरेर चुनावी तालमेल गरेका दलभित्र अन्तरघात भयो भन्ने समाचारहरु पनि आए । पार्टीभित्र सदस्यहरुको राय लिएर उम्मेदवार बनाउन नसक्दा दलभित्र चरम् असन्तुष्टि भएको देखियो । यसले के प्रमाणित गर्दछ भने नेपालका राजनीतिक पार्टीभित्र आन्तरिक लोकतन्त्र कमजोर छ । निरंकुशताले अझै पनि जरो गाडि रहेको छ । यहाँ वैचारिक र व्यवहारिक नेतृत्वलाई कदर गरिदैन । अवसरवादी चरित्र भएकालाई प्राथमिकतामा राखिन्छ । त्यसैले नेपालको राजनीतिक दलभित्र योग्य, क्षमतावान र विकासप्रेमी व्यक्ति सधैं ओझेलमा परेका छन् । चुनावी समयमा राजनीतिक दलहरुको सक्रियता बढी हुन्छ तर, चुनाव पछि भने उनीहरुका गतिविधि प्रायः शुन्य हुन्छन् । यस्ता गतिविधिले दललाई निकै क्षति पुग्ने हेक्कासमेत राख्दैनन् । निर्वाचनलाई स्वच्छता, निष्पक्षता तथा भयरहित बनाउन निर्वाचन आयोगले आचारसंहिता लागु गरेको हुन्छ । तर दलहरुले आचारसंहिता अबलम्वन गरेको पाइएन । राजनीतिक दल वा उम्मेदवारको निर्वाचान चिन्ह अंकित पहिरनका सामाग्रीहरु खुले आम् प्रयोग गरियो । बालबालिकालाई चुनाव प्रचार प्रसारमा सामेल गराउने, झण्डा बोकेर नाँच्न लगाउने जस्ता गतिविधि भए । प्रचार प्रसार, जुलुस र्‍याली तथा आमसभाले सार्वजनिक सवारी आवगमनमा अवरोध पुगेको ख्याल गरिएन । सामाजिक सञ्जालमा झुटो, गलत एवम् भ्रामक समाचार राखि एक अर्काको स्वाभिमान गिराउने काम भए । कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि अपनाइने स्वास्थ्य मापदण्ड नै पालना गरिएन । झन् भिडभाडको गतिविधि बढे । मौन अवधिमा चुनावी प्रचारप्रसार गर्न पाइदैन तर, दल र उसका कार्यकर्ताले सो अवधिमा घुमाउरो शैलीमा मत माग्ने, मतदाता फकाउने काम गरे । प्रचार प्रसारमा आचारसंहिता विपरित तोकिएको भन्दा बढी सवारी साधनको प्रयोग गरियो । चुनावी समयमा दलले गर्ने खर्चको कुनै लेखाजोखा छैन । एकातर्फ, पार्टीले व्यापारीहरुसँग चन्दा माग्ने र अर्कोतर्फ मतदाता बढाउन पैसा बाढ्ने काम गोप्यरूपमा भए । गरिब, बेरोजगार, श्रमिक वर्गलाई प्रलोभनमा पार्ने अनेक गतिविधिका समाचारहरु बाहिर आए । हुनत निर्वाचन आयोगले बनाएको आचारसंहिता राजनीतिक दलहरुलाई मात्र होइन । आचरसहिंता शासकदेखि शासितसम्म सबैले पालना गर्नुपर्ने हुन्छ ।

लोकतान्त्रिक शासन पद्धतिको एउटा महत्वपूर्ण पक्ष निर्वाचन हो । यसमा जनता नै सार्वभौम हुन्छन् । जनताले चुनेको व्यक्तिले शासन प्रक्रियामा भाग लिन्छन् । जनताको मतको कदर गर्नु राजनीतिक दलको दायित्व हो । नेपालमा खस्कदो राजनीतिक संस्कारले लोकतन्त्रलाई गिजाइरहेको छ । चुनाव ताका होस् वा अन्य समयमा होस् राजनीतिक दलहरुमा अराजकता र हिंसाको राजनीति अंगालेको अनुभूति जनताले गरेको पाइन्छ । हिंसाको राजनीतिले कुनै पक्षलाई लाभ पुर्‍याउदैन । झन् रहेको साख गिराउने काम हुन्छ । तसर्थ, राजनीतिक दलले विगतमा भएका कमीकमजोरीलाई सुधार गर्नु आवश्यक छ । जनताले स्वविवेकको मत खसाल्न पाउने अधिकारको सुनिश्चिता हुनुपर्दछ । करकाप तथा आर्थिक लोभ देखाएर मतदाताको मन परिवर्तन गराउनु हुँदैन । जनताले पनि आफुलाई मन परेको उम्मेदवारलाई रोज्न कसैको दवाब र प्रभावमा पर्नु हुँदैन भन्ने सोच्नुपर्छ । साम, दाम, दण्ड भेदको प्रयोग गरी चुनाव जित्ने दुश्साहसलाई अन्त्य गर्नुपर्दछ । भद्दा प्रचार प्रसारको शैली त्यागी मितव्ययिता अपनाउनु पर्छ । आफ्नो प्रतिवद्धतालाई जनता समक्ष खुलस्त राख्न सकेमा जनताको मन अवश्य जित्न सकिन्छ ।

दलभित्र आन्तरिक लोकतन्त्र सबल बनाउदै सामूहिक एकताको भाव जगाउनु पर्छ । सभ्य र सुसंस्कृत तवरबाट देश र जनताको सेवा गर्न तत्पर रहनु पर्छ । आफ्नो मातहतमा रहेका कार्यकर्ताहरुलाई नैतिक आचरण पालना गर्दै सद्चरित्रता प्रस्तुत गर्न निर्देशन दिनुपर्छ । राजनीतिक मूल्य मान्यतालाई आत्मसाथ गर्दै अनुशासनमा रहन सबैलाई प्रशिक्षण दिलाउनु पर्छ । राजनीतिक दलहरुले एक अर्कालाई सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्छ । दलबिचको सहकार्य र सहअस्तित्वको सम्बन्ध विस्तार गरी स्वच्छ प्रतिस्पर्धामा उत्रनु आवश्यक छ । निर्वाचन आयोले निर्वाचनलाई सुव्यवस्थित गर्न बनाएका आचारसंहिताहरु अक्षरस परिपालना गर्नुपर्छ । प्रचलनमा रहेका ऐन, नियमहरुको अधिनमा रहेर राजनीतिक गतिविधि सञ्चोलन गर्नुपर्छ । मुलुकको शान्ति, सुरक्षा र मानवअधिकार संरक्षण गर्न राजनीतिक दलको अहम् भूमिका रहन्छ । समग्रमा शासन व्यवस्थाको नेतृत्व गर्ने र शासनको सेरोफेरोमा रहने राजनीतिक दल नै हुन् । तसर्थ, राजनीतिक दलहरु मुलुकप्रति जिम्मेवार बन्दै सार्वजनिक हित अभिवृद्धि गर्न अग्रणी भूमिका खेल्नु पर्दछ । राजनीतिक दलले अबका दिनमा स्वच्छ, निष्पक्ष एवम् प्रतिस्पर्धात्मक निर्वाचन प्रणालीमा भाग लिई जनमतलाई शिरोपर गर्न सके मुलुकलाई समृद्धि तर्फ डोर्‍याउन सक्छन् ।

इमेल : *sharmajhalakpkr@gmail.com*

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

चर्चामा आएको जग्गा वर्गीकरण व्यवहारिक हिसाबले सहज छैन । सहरी विकास, भू-उपयोग योजना र नीति, सहरी भू-अर्थशास्त्र र बजारको आधारभूत पक्षको बुझाई/विश्लेषण बिना हचुवाको भरमा भू-उपयोग ऐन ल्याइयो । कार्यान्वयन जटिल बनेको छ । समीक्षा होस् ।



**- मुमाराम खनाल**

निःशन्देह, अपवादबाहेक शीर्ष नेतृत्वमा रहेका नेपालका 'कम्युनिष्ट' नेताहरू जस्तो पाखण्डी, भ्रष्ट र व्यक्तिवादी कोही छैन । दुर्भाग्य, कांग्रेसजस्तो जनविरोधी र नवउदारवादी उत्ताउलो नेतृत्वमण्डलीलाई साइजमा राख्न यिनै पाखण्डी कम्युनिष्ट चाहिन्छ । नत्र कांग्रेस थामिसक्नु रहन्न ।



**- डम्मर खतिवडा**

अमेरिकासँग किन यति धेरै आत्तिन्छौं हामी छक्क पर्छु । सानो, शक्तिहीन र गरिब भएको कुन्ठा र हिनताभाषलाई राष्ट्रवादको लेपनमा आत्मरति गर्नु बाहेक म त अरू कुनै कारण देख्दिन । चीन रिसाउला भन्नेसम्मको तर्क ठीकै हो, अरू त्यस्तो के थियो र एसपीपी मै पनि ? एक से एक डरपोक र हिपोक्रेटहरू !



**- बाबुलाल भण्डारी**

पहिले हाम्रो पालामा चिट्ठी लेखिएकै होइन, प्रमाणित गरेर देखाउ भन्ने खुला चुनौती । जब आफ्नै सरकारको पालामा भन्ने प्रमाणित भयो हामीलाई सोधिएन भन्न थाले । यस्तो दुईतर्फी कहाँ कसले सिकाउँछ ?




**- शम्भू चौहान**

देश रोदीघर होइन तर, पनि कांग्रेस र कम्युनिस्टको दोहोरी चलेको छ । राष्ट्रघाती र राष्ट्रवादीको बाढी चलेको छ । सामाजिक, आर्थिक र राजनीतिक दासता स्वीकार्नेहरूको नैतिकता ढलेको छ । द्वन्द्वको खतरा बढेको छ । स्वाधीनता र स्वाभिमान ढलेको छ । प्रतिगमनको खतरा देखाएर दासहरूको चुलो बलेको छ ।

# सहर विस्तारसँगै लोप हुँदैछन् नदी

**विश्व**



● पंकज चतुर्वेदी


ठूलो जनसंख्याको जीविकोपार्जनको माध्यम कृषि वा वन भएको राज्यमा नदीहरू लोप हुनु वास्तवमा मानव सभ्यताको निरन्तर प्रवाहमा अवरोध जस्तै हो । पानीका धाराहरूप्रति समाजको उदासीनताको चिनारी हरमु नदी हो, जसलाई कुनै समय झारखण्डको राजधानी राँचीको जीवन रेखा भनिन्थ्यो । यो सुवर्णरेखा नदीको सानो सहायक नदी हो । झारखण्ड पनि जलवायु परिवर्तनको प्रभावबाट अछुतो छैन र जसले अनियमित र कम वर्षा रेकर्ड बनाएको छ ।

यसको प्रत्यक्ष असर हरमुको अस्तित्वमा परेको थियो । हरमुमा अहिले चार महिना मात्रै पानी बग्दछ, बाँकी दिनमा सहरको फोहोर तैरिन्छ । अवश्य छ, केही दशकमा यसलाई नाली घोषणा गरिनेछ । नदीको उद्गमस्थल हेर्ने हो भने जहाँ नदीको अवस्था निकै कमजोर छ । जसका कारण नदी जोखिममा परेको छ ।

राज्य विभाजन हुनुअघि झारखण्डमा करिब १४१ साना-ठूला नदीहरू थिए । अहिले तीमध्ये धेरै हराइसकेका छन् र धेरैजसो गर्मीको शुरुवातमा हराउँछन् र यसको सबैभन्दा ठूलो कारण नदीको किनारमा अनियमित अवैध बस्ती हो । हरमु जस्ता सहरी खोलाको तल्लो भागमा अतिक्रमण गरिएको छ । यदि हामीले सन् १९२८ र १९३२ को नक्सा हेर्‍यौं भने, राँचीमा साना नदीहरूको नेटवर्क थियो, जुन अहिले कंक्रीटले ढाकिएको देखिन्छ । सन् १९६२ सम्म काँके जलाशयको छेउमा एउटा प्राकृतिक ताल थियो, जसलाई पानी वितरणका लागि पम्प गरिएको थियो र त्यहाँबाट जुमार र पोटोटो नदीहरू निस्किएको थियो ।

राँची सहरको बीचबाट हिँड्दै दुवैजना बोरियो नजिकैको सुवर्णरेखामा भेट्थे । बालुवा उत्खननबाट जुमारको अस्तित्व सकियो । गएका अहिले वर्षैभर सुकेको छ भने पोटपोटो अतिक्रमण र फोहोरका कारण लुप्त हुने अवस्थामा छ । डोरान्डो भनेर चिनिने भुसुर नदी राँची सहरमा २५ किलोमिटर लामो घुम्छ । अतिक्रमण, फोहोर र फोहोरका कारण यो लगभग लोप हुँदै गएको छ । राँची सहरको हरमु नदीको चौडाइ धेरै ठाउँमा २५ मिटरबाट एक मिटरभन्दा कममा झरेको छ ।

*कुनै समय झारखण्डको राजधानी राँचीको जीवन रेखा हरमु नदी आज संकटमा छ । हरमुमा अहिले चार महिना मात्रै पानी बग्दछ, बाँकी दिनमा सहरको फोहोर तैरिन्छ । निश्चित छ, केही दशकमा यसलाई नाली घोषणा गरिनेछ ।*



हरमु नदीको सौन्दर्यीकरणका लागि राँची नगरपालिकाले करोडौं रुपैयाँ खर्च गरेको छ । खोलाको अस्तित्व जोगाउन धेरै ठाउँमा चेक ड्याम पनि निर्माण भइरहेका छन्, तर हरमु खोलालाई पुनर्जीवित गर्ने प्रयास सफल हुन सकेको देखिँदैन । वर्षायाममा दुई/तीन महिना बाहेक अन्य दिनमा यसको अवस्था ठूलो नालीजस्तै हुन्छ ।


जनसंख्या बृद्धिसँगै खोला वरपरका बस्तीहरुबाट निस्कने फोहोर पानी र फोहोर दुबै यस खोलामा फाल्न थालेकाले आज यो खोला पूर्णरुपमा दूषित बनेको छ । खोलाको पानी कुनै कामको छैन, जसका कारण जमिनको पानी टाढाको दूरीमा पनि विषाक्त भएको छ । हरमु मुक्तिधाम र हरमु फल मण्डी नजिक दुईवटा ढल प्रशोधन केन्द्र स्थापना गरिएको छ । यति हुँदाहुँदै पनि नदीमा फोहोर र फोहोर पानी पर्नबाट रोकिन सकेको छैन ।

मुक्तिधाम नजिकैको खोलामा केही दूरीमा बाटो बनाइएको छ । हरमु बाइपास पुल नजिकै खोलाको भिरालोमा घाँस र सजावटी बिरुवा पनि रोपिएको थियो तर मर्मतसम्भार नहुँदा ती बिरुवा सुक्न थालेका छन् । गाउँलेहरूले माटोको बाँध बनाएर खोलाको पानी रोकेका छन् र त्यस्ता साना जलाधारमा मानिसहरूले नुहाउने, लुगा र भाँडाकुँडा धुने र गाईवस्तुलाई पानी दिने गरेका छन् ।

एउटा कुरा बुझ्नु पर्छ कि राँची सहर सडक, भवन वा पुलले होइन, तर हरमु, कर्मा जस्ता नदीहरूद्वारा अवस्थित छ । यी नदीहरू जलमार्ग मात्र होइनन्, तिनीहरू शहरहरूमा बढ्दो गर्मी नियन्त्रण गर्न, भूमिगत पानीको स्तर कायम राख्न र सफा गर्न प्रयोग गरिन्छ । हावा, प्राकृतिक माध्यमहरू छन् । मानव जीवन स्वस्थ्य राख्ने हो भने हर्मुलगायत सबै नदी निर्बाध र स्वच्छ हुनु जरुरी छ ।

***अमर उज्यालाबाट***

# 'अग्नीपथ' योजनाविरुद्ध भारतमा हिंसात्मक प्रदर्शन



**काठमाडौं/एजेन्सी-** भारतमा संघीय सरकारले घोषणा गरेको अग्नीपथ योजना विरुद्धका प्रदर्शन हिंसात्मक हुन थालेका छन्। प्रदर्शनका क्रममा आन्दोलनकारीले ३४० भन्दाबढी रेड सेवालाई प्रभावित पारेका छन् भने ठूलो भौतिक क्षति भएको छ।

अग्नीपथ योजनाका विरुद्धमा विषेश गरेर युवा आक्रोसित भएका छन्। उनीहरुले अन्याय र अव्यवहारिक योजना सरकारले ल्याएकाले त्यो फिर्ता हुनुपर्ने माग गरेका छन्। भारतको संघीय रक्षा मन्त्रालयले गत मङ्गलबार घोषणा गरेको अग्नीपथ योजनाअनुसार सैनिक सेवामा प्रवेश गरेका ७५ प्रतिशत युवाले चार वर्षमै अवकास पाउने छन्।

भारतका जल सेना, स्थल सेना र वायु सेना गरी तीन ओटै सैन्य सेवामा जवान पदका लागि चार वर्षे सेवा अवधिका लागि मात्रै भर्ना खुलाउने 'अग्निपथ' योजनामा उल्लेख गरिएको छ। त्यसका लागि २१ वर्षमा भर्ना हुन पाउने र २५ वर्ष पुग्दा उनीहरु अवकास हुनुपर्ने व्यवस्था गरिएको छ। भर्ना भएकामध्ये २५ प्रतिशतले मात्रै चौथोबाट सेवालाई निरन्तरता दिन पाउने र बाँकी ७५ प्रतिशतले सैन्य सेनाबाट बाहिरिनुपर्ने भएपछि युवाहरु आक्रोसित भएका हुन्। ती अवकास भएकाले पनि पेन्सन नपाउने व्यवस्था गरिएकाले युवा थप रुष्ट भएका छन्। सरकारले धेरै युवालाई रोजगारीको अवसरका लागि यस्तो योजना ल्याएको दावी गरेपनि युवाले भने यसलाई अव्यवहारिक र अन्यायपूर्ण भएको दावी गरेका छन्।

आन्दोलनकारी युवाले रक्षा खर्च कटौती गर्ने बाहनामा लाखौं युवाको भरपर्दो अवसरलाई सरकारले खोसेको आरोप लगाएका छन्। चार वर्षे जागिरले युवालाई जीवन निर्वाहका लागि पर्याप्त आम्दानी नहुने र बाँकी जीवन थप अन्यौलपूर्ण हुने उनीहरुको भनाइ छ।

आन्दोलनकारीले विषेशगरी रेल सेवालाई क्षति गरेकाले हिंसात्मक र क्षति हुने गतिविधि नगर्न सरकारले उनीहरुलाई आग्रह गरेको छ। रेल मन्त्री अश्विनी वैष्णवले रेल सेवामा क्षति पुऱ्याउँदा आम नागरिकलाई नै घाटा हुने भएकाले रेल सेवालाई प्रभावित नपार्न अनुरोध गरेका छन्। उनले आफ्ना मागलाई शान्तिपूर्ण तरिकाले उठाउन सुझाव पनि दिएका छन्।

# युक्रेनी र बेलायती राष्ट्रपतिबीच भेटवार्ता

**काठमाडौं/एजेन्सी-** युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलेन्स्की र बेलायतका प्रधानमन्त्री बोरिस जोनसनबीच शुक्रबार भेटवार्ता भएको छ। रुसले युक्रेनमा आक्रमण गरेपछिको अवस्थाका बारेमा उहाँहरूका बीचमा छलफल केन्द्रित भएको जनाइएको छ। युक्रेनका राष्ट्रपति जेलेनेन्सकीसँग छलफल गर्न बेलायतका प्रधानमन्त्री जोनसन युक्रेन नै पुगेका थिए।

दुवै पक्षका अधिकारीहरूले दिएको जानकारी अनुसार विषेश गरेर सुरक्षाको अवस्था र सहयोगको आवश्यकताका बारेमा उनीहरूले छलफल गरेका थिए। रुसले आक्रमण गरिरहेकाले युक्रेनको तर्फबाट जबाफी कारबाहीका लागि आवश्यक हतियार तथा सुरक्षा सामग्री कसरी जुटाउने भन्ने बारेमा पनि कुराकानी भएको बताइएको छ।

बैठकपछि युक्रेनका राष्ट्रपति जेलेनेस्कीले भने, 'ठूला हतियार तथा सुरक्षा सामग्रीहरूको आयात कसरी बढाउने भन्ने बारेमा हामीले छलफल गरेका छौं।' युक्रेनका लागि अहिलेको मुख्य चासोको विषय भनेकै हतियार व्यवस्थापन भएकाले त्यस तर्फ नयाँ कदम चाल्ने सहमति भएको उनको भनाइ छ।

युक्रेनको आवश्यकता र अनुरोधलाई बेलायती प्रधानमन्त्री जोनसनले सहजतापूर्वक स्वीकार गर्दै पर्याप्त सहयोग गर्ने प्रतिबद्धता जनाएको पनि जेलेनेस्कीले जानकारी दिए।

युक्रेनमाथि रुसले आक्रमण गरेपछि अधिकांश देशले त्यसको विरोध गरेका छन्। उनीहरूले युक्रेनलाई सहयोग पनि गर्दै आएका छन्। तर युद्ध लम्बिँदै गएकाले श्रोत साधनको अभाव पनि हुँदै गएको छ। त्यसैले युक्रेनले सहयोग बढाउन आफ्ना समर्थक सबै देशहरूलाई अनुरोध गरेको छ।

# पाकिस्तानमा सुरक्षा कम्पनी सञ्चालन गर्ने चिनियाँ अनुरोध अस्वीकार



**काठमाडौं/एजेन्सी-** चीनले पाकिस्तानमा सुरक्षा कम्पनी सञ्चालनका निम्ति गरेको अनुरोधलाई इस्लामावादले अस्वीकार गरेको छ। चीनको राज्य सुरक्षा मन्त्रालयले पाकिस्तानमा सुरक्षा कम्पनी खोल्न गरेको अनुरोधप्रति आपत्ति जनाउँदै इस्लामावादले त्यसलाई अस्वीकार गरेको हो।

गृहमन्त्री राणा सनाउल्लाहले पाकिस्तानमा कुनै पनि देशले सुरक्षा कम्पनी स्थापना गर्न नसक्ने बताएका स्थानीय सञ्चार माध्यमले जनाएका छन्। पाकिस्तानमा रहेका आफ्ना नागरिकहरूमाथि बढ्दो आक्रमणलाई दृष्टिगत गर्दै चीनले यहाँ सुरक्षा कम्पनी खोल्न चाहेको बताइएको छ।

चीन-पाकिस्तान आर्थिक करिडोर (सिपिइसी) परियोजनाअन्तर्गतका ग्यास पाइपलाइन र विद्युत् टावरहरूलाई लक्ष्यित गरी बलुच विद्रोहीहरूले नियमित आक्रमण गरिरहेका छन्। विद्रोहीहरूले बलुचिस्तानको प्राकृतिक स्रोत लुटिएको आरोप लगाएका छन्।

केही समयअघि कराँचीमा भएको आत्मघाती हमलामा तीन चिनियाँ नागरिकसहित चार जनाको मृत्यु भएको थियो। उक्त आक्रमणको जिम्मेवारी बलुच समूहले लिएको थियो। चिनियाँ नागरिक लक्ष्यित यस्ता आक्रमण नियन्त्रण गर्न इस्लामावाद प्रहरीले विदेशी सुरक्षा इकाइ स्थापना गरेको छ। विशेष गरी चिनियाँ नागरिकको सुरक्षाका निम्ति उक्त इकाइ स्थापना गरिएको हो।

पाकिस्तानी अधिकारीहरूका अनुसार हाल इस्लामावादमा एक हजारभन्दा बढी चिनियाँ नागरिक दर्जनौं विकास परियोजना, कम्पनी र व्यवसायमा संलग्न छन्। सिपिइसी परियोजनामा संलग्न चिनियाँलाई पाकिस्तानी सुरक्षा बल र अर्धसैनिक बलले सुरक्षा दिइरहेका छन्।


## मलेसियामा रोजगार | कम्पनी: HONWANG TRADING
शहर: Batu Pahat

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ | चलानी नं.: ६०१८१७०७ | L.T. No.:265319

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Rm | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ११ गते (25 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



## MALAYSIA मा वैदेशिक रोजगारको अवसर
कम्पनी : BOUNTIFUL YIELDS SDN BHD | शहरः JALAN BESAR AMPANG

पूर्व स्वीकृत मितिः २०७९/०२/२५ | चलानी नं.: ६०१८०७९६ | LT. No.:264633

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १० र ११ गते गते (24 & 25 june 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Chapalkarkhana, Kathmandu Tel: 01-4518268, 4518716
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
URL: www.palivinternational.com
Mobile: 9801070598/9865544261



## कतारमा रोजगार | Sievert International Inspection Co. WLL

पूर्व स्वीकृती मितिः २०७९/३/२ | चलानी नं.: ६०१८१२९३ | LT No.: 265175

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Technician Gen. | 2 | काममा दक्ष | 1500 | ५०,६८५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| २. | Driver | 7 | | 1500 | ५०,६८५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्होर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निः शुल्क |

अन्तरवार्ता : २०७९ आषाढ १२ गते (26 June. 2021) यस प्रा. लि. को कार्यलय कलंकी, स्यूचाटारमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**रकि ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत न.५६४/०६२/०६३
कलंकी, स्यूचाटार काठमाडौं, फोनः ०१-५२२४५०२, ५२२४५०३, ९८४२४१६३६७



## UAE मा रोजगारको अवसर | कम्पनी : PETROLAND RECRUITMENT L.L.C.
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ | चलानी नं.: ६०१८१२८६ | LT. No.: 265315

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer Assistant | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २७,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter Assistant | 30 | 0 | | 800 | २७,१४४ | | | | | | | |
| 3. | Plumber Assistant | 25 | 0 | | 800 | २७,१४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १२ गते (26 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Hilton Human Resources Pvt. Ltd.**
इजाजत पत्र नं. ११५२/०७३/०७४
Dhumbarahi-4, Kathmandu, Tel: 014536596
Email: hiltonhumanrs@gmail.com



## बहराइनम वैदेशिकको अवसर | कम्पनीः AL RAYAH FOR SAFETY ITEMS WLL
शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०१/२० | चलानी नं.: ६०१५८२८१ | LT. No.: 240040 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Special Guard | 10 | 10 | सम्बन्धित काममा दक्ष | 200 | ६६,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Training Manager | 3 | 0 | | 400 | १,३२,२२८ | | | | | | | |
| 3. | Cctv Operator | 5 | 0 | | 150 | ४९,५८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय तिलगंगा, काठमाडौंमा २०७९ असार १२ गते (26 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०२९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851164164,9849964370,9851068774,9851035867,9803193977
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com



## कर्मचारी आवश्यकता

*A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staff for the Following post.*

- Documentation Officer 1 (Male/Female)
- Documentatio Assistant 2 (Male/Female)
- Pro 4 (Male/Female)
- Receptionist 1 (Female)
- Administration Staff Hr 2 (Male/Female)

Note:
★Candidate Should Be Well Known In English & Computer.
★Must Have 2 Years Experience In Related Field.

E-mail:dreamhumanresources1@gmail.com
info.dreamrecruiting@gmail.com

**Dream Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ११५४/०७३/०७४
Koteshwor-32, Kathmandu, Tel.: 5147279
Mob: 9851036313 / 9843014299 / 9801033135



## फ्रि भिसा, फ्रि टिकट, शुन्य लागतमा कतारमा रोजगार

१. कम्पनीः RAJAGIRI PUBLIC SCHOOL | शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७९/०३/०२ | चलानी नं.: ६०१८१०९५ | L.T. No.: 265174

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 6 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Guard | 1 | 0 | | 1500 | ५१,०१५ | | | | | | | |
| 3. | Receptionist | 0 | 1 | | 1100 | ३७,४११ | | | | | | | |

२. कम्पनीः AL KAABI CONTRACTING & TRADING CO | शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७९/०३/०२ | चलानी नं.: ६०१८१०९२ | L.T. No.: 265173

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter | 3 | 0 | | 1100 | ३७,४११ | | | | | | | |
| 3. | Reinforce Fitter | 3 | 0 | | 1100 | ३७,४११ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १२ गते (26 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगार दाताले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले तिर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले तिर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल- सहेली म्यानपावर प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोनः ४३८७३७२, ४३८७७४०, फ्याक्सः ४३८७३२९, मोः ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com



## नेपाली Bike Rider हरूलाई कुवेतको बहुप्रतिष्ठित कम्पनी "Yum Group" मा रोजगारको अवसर

१. कम्पनीः ORDER SERVICE COMPANY FOR GENERAL TRADING . W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ | चलानी नं.: ६०१७९९७५ | LT. No.: 263868

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Riders | 20 | 0 | स. काममा दक्ष | 130 | ५२,७९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः SPARKLES BUILDING AND ROAD CLEANING CONTRACTING COMPANY
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ | चलानी नं.: ६०१७९९७४ | LT. No.:263867 | शहर : KUWAIT

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 30 | 0 | स. काममा दक्ष | 85 | ३४,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Valid Nepali Two Wheel License
Age : For Bike Rider (22- 30 Years) And For Cleaner ( 22 – 32 Years)
Fresh Candidates Only (No Gulf/Malaysia Returnee).

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**The River Overseas Pvt. Ltd**
Gov. Lic. No 406/060/061
Battisputali, Gaushala, Kahtmandu, Nepal.
Tel: 01-4462431, 4462432, Fax: +977-1-4462430
Mobile: 9801247223/9801247213/9801247214/9801247216/9801247274
Email: admin@theriveroverseas.com/Website:www.theriveroverseas.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०८/२६ मा दर्ता भएको **प्रा.लि. नं. १७९७१९** को **गोदावरी ग्राम रिसोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# बक्स अफिस समाचार



योगेन्द्र उपाध्याय, संगीतकार

## 'सबैभन्दा धेरै आत्मसन्तुष्टि नै संगीत सिर्जनामा मिल्छ'

संगीत नै पढेर संगीतमै समर्पित संगीत साधक हुन् योगेन्द्र उपाध्याय । त्रिभुवन विश्वविद्यालयबाट संगीतमा माष्टर डिग्री गरेका योगेन्द्र 'ए' ग्रेडका संगीतकार हुन् । सरकारी प्रसारणको एकमात्र रेडियो रेडियो नेपालले संगीतकर्मीहरुको ग्रेडिङ गर्ने गर्छ । रेडियो नेपालले गर्ने वर्गीकरणमा 'ए' ग्रेडको संगीतकार हुन त्यति सहज छैन । उनको संगीतकर्मले नै उनलाई यो सफलता दिएको हो । उनले त्रिभुवन विश्वविद्यालय अघि विभिन्न संगीत पाठशाला/स्कुलहरुमा संगीत सिकेका थिए । व्यवहारिक ज्ञानसँगै सैद्धान्तिक ज्ञान पनि आवश्यक महसुस गरी उनले संगीतमै उच्च शिक्षा लिए । उनले सिकेका ति हरेक सिकाइहरुलाई यतिबेला आफ्नो संगीत सिर्जनामा प्रयोग गरिरहेका छन् । भर्सटायल संगीतकारको परिचय बनाएका योगेन्द्रले आधुनिक, पप, लोक, भजनलगायतका जनरामा गीतसंगीत सिर्जना गरिसकेका छन् । विभिन्न संगीत प्रतियोगितमा प्रथम भएका योगेन्द्र शब्दको भाव अनुसार उत्कृष्ट संगीत सिर्जना गर्न सक्ने संगीतकार हुन् । संख्यात्मकरुपमा भन्दा गुणात्मकरुपमा अब्बल गीत सिर्जना गर्नु पर्छ भन्ने मान्यता राख्ने योगेन्द्रले व्यवहारत् त्यही कुरालाई प्रमाणित गरेका छन् । उनका गीतलाई संगीतका विश्लेषकहरुले उत्कृष्ट संगीत मान्छन् । अन्य संगीतकारको तुलनामा महँगो पारिश्रमिक लिएर काम गर्ने संगीतकारका रुपमा पनि योगेन्द्रलाई चिनिन्छ । उनी भने आफुले आफ्नो कर्म अनुसारको पारिश्रमिक लिने तर्क गर्छन् । प्रस्तुत छ संगीत साधक योगेद्रले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**अचेल केमा व्यस्त हुनुहुन्छ ?**

संगीत सिर्जनामै व्यस्त छु । गत सातामात्र एउटा गीत सार्वजनिक गरेको छु । यतिबेला अन्य गीतहरु सार्वजनिक गर्ने तयारीमा छु । केही गीतहरुको रेकर्डिङ चलिरहेको छ भने केहीको कम्पोजिसनको काम भइरहेको छ । यही बीचमा म आफ्ना केही गीति एल्बमहरु सार्वजनिक गर्ने पनि तयारीमा छु । आगामी महिनासम्ममा ३ वटा एल्बम एकसाथ सार्वजनिक गर्ने योजना छ । त्यसैको काम पनि भइरहेको छ । मैले स्कुलहरुमा पनि नियमितरुपमा संगीतको प्रशिक्षण गराउँदै आएको छु । समग्रमा संगीतकर्ममै व्यस्त छु ।

**तपाईं एकसाथ ३ वटा एल्बमको तयारीमा हुनुहुन्छ, तर अचेल एल्बम निकाल्ने प्रचलन निकै कम छ नी ?**

तपाईंले भनेको ठिकै हो अचेल एल्बम निकाल्ने चलन निकै कम छ । अचेल गीतसंगीत सिर्जना गरिसकेपछि सिंगल ट्र्याकका रुपमा गीत सार्वजनिक हुँदै आएको छ । मैले पनि विगतमा त्यसै गर्दै आएको थिएँ । तर मलाई एल्बम भनेको आफ्नो सिर्जनाको एउटा दस्तावेज हो भन्ने थाहा छ । त्यसैले मैले आफ्ना सिर्जनाहरुलाई एल्बमकै रुपमा सार्वजनिक गर्न लागेको हुँ । मैले २०७६ सालमै एल्बम सार्वजनिक गर्ने तयारी गरिरहेको थिएँ । तर कोभिड १९ का कारण नेपालमा लकडाउन भयो । सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गर्दा एल्बम सार्वजनिक कार्यक्रम गर्न सकिने अवस्था रहेन, त्यसैले रोकियो । २०७७ सालमा अर्को एल्बम पनि तयार भयो । दुईवटा एल्बम एकसाथ रिलिज गर्ने तयारी गर्दै थिएँ, कोभिड १९ को दोस्रो लहर आयो । यो बीचमा मेरा गीतसंगीत त बजारमा आए, तर एल्बम सार्वजनिक गर्ने मेरो योजना केही समय रोकियो । यतिबेला तेस्रो एल्बमको काम लगभग सकिएको छ । यसैले अहिले म ३ वटा एल्बम एकसाथ सार्वजनिक गर्ने तयारीमा छु । छिट्टै एक कार्यक्रम गरी एल्बम सार्वजनिक गर्नेछु ।

**तपाईं संगीत सिर्जना गर्दा के कुरामा बढी ध्यान दिनुहुन्छ ?**

संगीत सिर्जना गर्दा ध्यान दिनुपर्ने पहिलो कुरा भनेकै शब्दको भाव हो । शब्दले के भन्न खोजेको छ, त्यसमा प्रयोग भएका बिम्बहरुले के कुराको संकेत गरेको छ, ति सबैको अर्थ बुझेर सकेसम्म त्यसैको भाव सुहाउँदो मेलोडीमा संगीत सिर्जना गर्ने गर्दछु । कहिले काहीँ गायकको भोकल क्वालिटीका आधारमा पनि संगीतको स्केलहरु तय गर्नुपर्ने हुन्छ । मैले विविध जनराका गीतमा संगीत सिर्जना गरेको छु । यसैले कुन जनराको संगीत तयार गरिँदैछ त्यसलाई पनि ध्यान दिनुपर्छ । हाम्रो परिवेश र मौलिकतालाई पनि ध्यानमा राख्ने गर्छु ।

**तपाईंले त संगीतको औपचारिक शिक्षा पनि लिनुभएको छ ? संगीतकारहरुलाई औपचारिक शिक्षाको आवश्यकता कतिको देख्नु हुन्छ ?**

शिक्षाको आवश्यकता त सबैलाई हुन्छ । कसैले अनौपचारिक त कसैले औपचारिकरुपमा संगीत सिकेका हुन्छन् । मैले शुरुमा संगीत साधना विद्यालय, गुरुकुल संगीत पाठशाला र इण्डियन कल्चर सेन्टरमा संगीत सिकेको हुँ । विभिन्न गुरुहरुसँग संगीतको व्यवहारिक ज्ञान सिकेर मैले संगीत सिर्जना गर्न थालेको हुँ । काम गर्दै जाँदा मलाई कतिपय अवस्थामा संगीतको सैद्धान्तिक ज्ञान पनि लिनुपर्छ भन्ने भयो । जसका कारण त्रिभुवन विश्वविद्यालयबाट संगीतको औपचारिक अध्ययन गरें । मैले त्रिभुवन विश्वविद्यालयबाट संगीतमै मास्टर डिग्री गरेको छु । संगीतको अध्ययन गरेर आउँदा आफ्नो संगीत सिर्जनाको दायारा फराकिलो बनाउन सकिन्छ । संगीतमा मात्र होइन हरेक क्षेत्रमा त्यसको व्यवहारिक ज्ञानसँगै सैद्धान्तिक अध्ययन गरेर आउँदा सुनमा सुगन्ध हुन्छ, होइन र ? यसअर्थ पनि मलाई त संगीतको अध्ययन आवश्यक लाग्छ ।

**थोरै पछाडि फर्कौं, संगीतमा कसरी प्रवेश गर्नु भयो ?**

सानैदेखि संगीतमा मेरो लगाव थियो । स्कुल पढ्दा पनि विभिन्न कार्यक्रमहरुमा सहभागी भई गीतसंगीत प्रस्तुत गर्थें । गाउँघरमा होस् वा स्कुलमा हुने कार्यक्रममा नै किन नहोस् म सहभागी भई कहिले गाउने त कहिले विभिन्न बाजाहरु बजाउने गर्थें । मेरो हजुरआमा पनि गायनमा रुची राख्नु हुन्थ्यो । उहाँको प्रभाव पनि होला । अहिले फर्केर हेर्दा लाग्छ मभित्र बाल्यकालमा नै संगीतको विजयारोपण भएको हो । त्यतिबेला मलाई साथीभाइ, शिक्षक अनि अभिवावकले पनि हौसला दिनुहुन्थ्यो । उहाँहरुको हौसला मेरा लागि प्रेरणा भयो । विद्यायलयस्तरीय अध्ययन सकेर उच्च शिक्षाका लागि २०५७ सालमा म काठमाडौं आएँ । काठमाडौं आएपछि मैले उच्च शिक्षासँगै संगीत सिक्न थालें । संगीत सिक्दै जाँदा विभिन्न प्रतियोगिताहरुमा पनि भाग लिन थालें । केही प्रतियोगितमा प्रथम भई उत्कृष्ट संगीतकार घोषित भएपछि मलाई यसै क्षेत्रमा भविष्य बनाउन थप सहयोग मिल्यो ।

**यहाँ रेडियो नेपालले आयोजना गरेको २०७१ सालको आधुनिक गीत प्रतियोगितामा प्रथम पनि हुनुभयो, यो प्रतियोगितालाई तपाईंको जीवनको टर्निङ प्वइन्ट मान्न सकिन्छ ?**

सकिन्छ । किनभने मैले यसअघि पनि विभिन्न प्रतियोगितामा सहभागिता जनाएको थिएँ । पुशपति संगीत कला प्रतिष्ठानको आयोजनामा २०६७ सालमा सम्पन्न भक्ति संगीत प्रतियोगिता र कृष्ण प्रणामी युवा परिषद् नेपालको आयोजनामा सम्पन्न राष्ट्रिय भक्ति संगीत प्रतियोगिता २०६८ मा पनि प्रथम भएको थिएँ । रेडियो नेपालले आयोजना गरेको आधुनिक गीत प्रतियोगितामा प्रथम भएपछि मेरो संगीत सिर्जनाको प्रशंसा गर्दै धेरैले यसै क्षेत्रमा सक्रिय रहन हौसला दिनुभयो । अग्रज संगीतकारको प्रेरणाले पनि मलाई यही क्षेत्रमा निरन्तरता दिन प्रेरणा मिल्यो । गायन प्रतियोगितामा अन्य सर्जकका गीतहरु प्रस्तुत गर्न सकिन्छ भने संगीत प्रयोगितामा आफैंले कम्पोज गरेको सिर्जना प्रस्तुत गर्नुपर्ने हुन्छ । २०५७ देखि नै निरन्तर संगीत सिकिरहेको थिएँ । २०६७ सालमा सम्पन्न भक्ति संगीत प्रतियोगितामा सहभागी हुनु अघि नै म आफैंले संगीत सिर्जना गरिसकेको थिएँ । यद्यपि यहाँले भने जस्तो २०५१ मा सम्पन्न आधुनिक गीत प्रतियोगितापछि म थप सक्रिय भएर यस क्षेत्रमा लागें । त्यसपछि म निरन्तर संगीतमै छु ।

**अब एकैछिन संगीत क्षेत्रको कुरा गरौं, वर्तमान स्थितिमा सांगीतिक क्षेत्रको अवस्थालाई कसरी लिनुभएको छ ?**

अवश्य पनि सांगीतिक क्षेत्र थप फराकिलो हुँदै आएको छ । अडियो क्यासेट, सिडि, भिसिडी हुँदै डिजिटल युगमा प्रवेश गरेको छ । जसका कारण संगीतको बजार ग्लोबलाइज भएको छ । सर्जकहरुको सिर्जनाले फराकिलो स्थान ओगट्न पाएका छन् । सिर्जनामा रम्नेहरुका लागि पनि विभिन्न माध्यमहरु थपिइरहेका छन् । रेकर्डिङमात्र नभएर गीतसंगीतको वितरण सहज भएको छ । यस्तै रोयल्टी व्यवस्थापन पनि हुँदै आएको छ । श्रष्टालाई विभिन्न माध्यमबाट रोयल्टी प्राप्त हुन थालेको छ । संगीत क्षेत्रमा भविष्य देख्नेहरुको संख्या उल्लेख्य छ । जसका कारण प्रतिस्पर्धा पनि बढीरहेको छ । प्रतिस्पर्धा बढेसँगै उत्कृष्ट सिर्जनाहरु सिर्जित हुन थालेका छन् । समग्रमा भन्ने हो भने सांगीतिक क्षेत्र थप फष्टाएको छ । उत्कृष्ट सिर्जनाहरु बजारमा आउन थालेका छन् ।

**पहिले र अहिलेका गीत सिर्जनामा खास फरक केही भेट्नु हुन्छ ?**

समय गतिशील छ । समयको गतिसँगै हामी सबै चल्नु पर्छ । समयको चक्रसँगै हुने विकासले संगीतको सिर्जनामा पनि फरक पर्दो रहेछ । पहिले पहिलेका गीतहरु बढी मात्रमा मौलिक हुने गर्थे । शास्त्रिय संगीतको प्रयोग पनि त्यत्तिकै हुन्थ्यो । नेपाली परिवेशका विभिन्न भाकाहरु बढी मात्रामा मौलिक सुनिन्थे । अहिले मौलिक गीतहरु हुँदै नभएका होइनन् । शास्त्रिय संगीतको प्रयोग हुँदै नहुने होइन । तर ग्लोबलाइजेशनका कारण हरेक देशका संगीत सहजै सुन्न सकिन्छ । यसैले अहिले हामीले हाम्रो मौलिक भाकाहरुसँगै विश्व बजारमा चलिरहेको ट्रेण्डलाई पनि समातिरहेका छौं । गुणस्तरका हिसावले पहिले र अहिलेका गीतसंगीतमा खासै भिन्नता छैन । शैलीका हिसाबले अहिले थप फराकिलो बनिरहेको जस्तो लाग्छ ।

**अन्त्यमा, संगीत क्षेत्रमा लागेर के पाइयो के गुमाइयो जस्तो लाग्छ ?**

गुमाउन त केही गुमाएको जस्तो लाग्दैन । बरु धेरै कुरा संगीतबाट पाएको छु । पहिलो त यतिधेरै स्रोताको माया पाएको छु । गीतसंगीत प्रेमीको मायाले प्रफुल्लित नै छु । मेरो रुची नै संगीत भएकोले पनि होला मलाई संगीत सिर्जनामा रम्न मन पर्छ । संगीत नै पढे संगीतमै क्रियाशिल छु । मलाई सबैभन्दा धेरै आत्मसन्तुष्टि नै संगीत सिर्जनामा मिल्छ ।



## प्रियंका बनिन् मिस नेपाल

**काठमाडौं/मस-** काठमाडौंकी प्रियंका रानी जोशीले यसवर्षको मिस नेपाल वर्ल्डको उपाधि पाएकी छन् । ललितपुरको गोदावरीमा शनिबार सम्पन्न ग्राण्ड फिनालेमा उनले उपाधि जितिन् । उनलाई मिस नेपाल नम्रता श्रेष्ठले ताज पहिऱ्याइदिइन् ।

त्यस्तै सरिशा श्रेष्ठ मिस नेपाल अर्थ र न्यान्सी खड्का मिस नेपाल इन्टरनेशनल घोषित भए । गोदावरीको नवनिर्मित सनराइज कन्भेन्सन सेन्टरमा भएको फिनालीमा २४ जनाले प्रतिस्पर्धा रेका थिए ।

विभिन्न ९ वटा सब-टाइटलमा विजेता पनि घोषणा गरिएको थियो । नीति शाहसहितका ११ जना निर्णायकले फाइनलिस्टलाई प्रश्नहरु सोधेका थिए । कोभिड-१९ महामारीले अघिल्ला दुईवर्ष स्थगित भएको मिस नेपाल यसपटक भौतिकरुपमै सम्पन्न भएको हो । द हिडन ट्रेजरले प्रतियोगिता आयोजना गरेको हो ।

## 'फुल झैं कोमल तिमी' सार्वजनिक




**काठमाडौं/मस-** निरन्तर गीति लेखनमा सक्रिय गीतकार रोशन भट्टराईको नयाँ गीत 'फुल झैं कोमल तिमी' सार्वजनिक भएको छ । गायक आनन्द कार्कीको सुमधुर आवाजमा सजिएको गीतमा संगीतकार तारा प्रकाश लिम्बु र युमेशले संगीत भरेका छन् भने संगीत संयोजन फणिन्द्र राईको रहेको छ ।

गीतकार रोशन भट्टराईको प्रस्तुति रहेको भिडियोलाई गायक तथा सञ्चारकर्मी सुमन कुमार श्रेष्ठ र गीतकार भट्टराईले संयुक्त रुपमा निर्देशन तथा परिकल्पनामा तयार पारिएको छ । नायिका नम्रता सापकोटा र मोडेल कमल सिंहको भरपुर रोमान्स तथा दमदार अभिनय रहेको भिडियोमा सिनेम्याटोग्राफर राजु केसिको छायांकन, निराजन केसीको सम्पादन, मेकअप अशोक रोक्काको रहेको छ । भिडियो गीतकार भट्टराईको अफिसियल युट्युब च्यानल मार्फत सार्वजनिक गरिएको छ ।

**कतारमा रोजगार** | कम्पनी: WHITE HOUSE TEXTILE AND TAILORING
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ चलानी नं.: ६०१८१२१५ LT. No.: 265278

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Tailor | 2 | 0 | स. काममा दक्ष | 1100 | ३७,६५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १२ गते (26 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३०० Email: capital2004@yahoo.com
(श्रम इजाजत नंः ५४३/०६१/०६२)
" Real Happiness Lies in Making Other Happy"

**कर्मचारी आवश्यकता**

A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staff for the Following post.

- Documentation 2 (Female)
- Accountant 1 (Female)

Note:
- Candidate Should Be Well Known In English & Computer.
- Must Have 2 Years Experience In Related Field.

E-mail:loginoverseas1542@gmail.com
admin@loginoverseas.com

श्रम इजाजत नं.: १५४२/०७४/०७५
Login International Overseas Recruitment Pvt. Ltd.
Basundhara–3, Kathmandu, Tel.: 015911074
Mobile: 9823815921

**Malaysia मा रोजगार** | कम्पनी : BEST GLOBAL MANAGEMENT SDN BHD
शहर: KUALA LUMPUR

पुर्व स्वीकृत मितिः २०७९/०३/०२ चलानी नं.: ६०१८११३० LT. No.: 265127

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Cleaners | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता दियालो पार्टी प्यालेस, बसुन्धारा, काठमाडौंमा २०७९ असार १२ देखि १४ गते (26 to 28 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Creative Placement Services Pvt. Ltd.
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org
Govt. Lic. No. 289/058/059

**मलेसियामा रोजगार** | कम्पनी : TOSHIBA TRANSMISSION & DISTRIBUTION SYSTEMS ASIA SDN. BHD. शहर: Petaling jaya

पुर्व स्वीकृत मितिः २०७६/११/१९ चलानी नं.: ६०१५२८५३ पुनः विज्ञापन L.T. No.: 234010

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Factory Workers | 15 | 0 | स. काममा दक्ष | 1200 | ३३,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १२ गते (26 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Fair Connect Resource Pvt. Ltd.
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-5, Kathmandu Nepal, Tel :- 00977-1-5905737, 5905736
Email :- agencyfcr@gmail.com

# नेपालको लगातार दोस्रो जित, कुवेत २५ रनले पराजित



**काठमाडौं/मस-** मलेसियामा जारी एसीसी महिला टी-२० च्याम्पियनसिप अन्तर्गत शनिबार भएको खेलमा नेपालले कुवेतलाई २५ रनले हराउँदै प्रतियोगितामा लगातार दोस्रो जित निकालेको छ। किनरारा ओभलमा शनिबार कुवेतलाई २५ रनले हराउँदै नेपालले च्याम्पियनसिपमा लगातार दोस्रो जित निकालेको हो ।

नेपालले दिएको १ सय ८ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको कुवेतले २० ओभरमा ७ विकेट गुमाएर ८२ रन मात्र बनाउन सक्यो। कुवेतका लागि प्रियादा मुरालीले सर्वाधिक ३१ रनको पारी खेल्दा मारिमा हेदरले १५ तथा कप्तान आम्ना तारिकले १४ रन जोडिन्। कुवेतलाई सस्तैमा समेट्ने क्रममा नेपालकी सीता राना मगरले दुई विकेट निकाल्दा अश्मिना कर्माचार्य, संगीता राई र इन्दु बर्माले समान एक/एक विकेट लिए ।

जितसँगै नेपालले दुई खेलबाट ४ अंक जोडेको छ । समूह बी मा रहेको नेपाल तालिकाको शीर्ष स्थानमा यथावत रहेको छ । पराजित कुवेतको तालिकामा १ अंक छ ।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १ सय ७ रनको योगफल बनाएको थियो । नेपालका लागि कप्तान रुविना क्षेत्रीले सर्वाधिक अविजित ३४ रनको योगदान गरिन् । २७ बलको सामना गरेकी रुबिनाले चार चौका प्रहार गरिन् ।

त्यस्तै इन्दु बर्माले २८ रन जोड्ने क्रममा ३३ बलको सामना गर्दा २ चौका प्रहार गरिन् । यस्तै ज्योती पाण्डेले १५ रन जोड्दा विन्दु रावलले ११ रनको स्कोर गर्ने क्रममा क्याच आउट भइन् । यस्तै सिता राना मगर र काजल श्रेष्ठले समान ५/५ रनको पारी खेल्दै पवेलियन फर्किए । बलिङतर्फ कुवेतका लागि मारिमा हेदरले दुई विकेट लिइन् । मारियम ओमार र खादिला खाजिलले एकएक विकेट लिइन् ।

यसअघि च्याम्पियनसिपको पहिलो खेलमा नेपालले भुटानलाई ५० रनले पराजित गर्दै विजयी शुरुवात गरको थियो । उता कुवेतले भने वर्षाका कारण बहराइनसँग अंक बाँडेको थियो ।

च्याम्पियनसिप अन्तर्गत नेपालले सोमबार बहराइन र अन्तिम खेलमा मंगलबार हङकङसँग खेल्नेछ । १० टोलीले सहभागिता जनाएको प्रतियोगितामा सहभागि टोलीलाई आयोजक दुई समूहमा विभाजन गरेको छ ।

समूह चरणको खेलपछि शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन् भने फाइनल पुग्ने दुई टोली महिला टी-ट्वान्टी एसिया कप क्रिकेटमा छनोट हुनेछन् ।

# बीएनए र एन्जल्स हार्ट फाइनलमा

**काठमाडौं/मस-** बसुन्धारा नेसनल एकेडेमी (बीएनए) र एन्जल्स हार्ट छैटौं स्किब्स कप अन्तरविद्यालय थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शनिबार फाइनलमा प्रवेश गरेका छन् ।

बीएनएले आयोजक स्किब्सलाई ९-४ तथा एन्जल्स हार्टले इडेन ब्रिज एकेडेमी (इबीए) लाई १२-३ ले पराजित गरे ।

सिनियर ब्वाइजमा त्रिज्योति र ग्रिनल्यान्डले उपाधि भिडन्त पक्का गरे । त्रिज्योतिले महामञ्जुश्रीलाई १७-१६ को झीनो अन्तरले हरायो । ग्रिनल्यान्डले भ्याली पब्लिकमाथि २१-१७ को जित दर्ता गर्‍यो । सिनियर गर्ल्समा एनसीसीएस र निम्स 'ए' ले फाइनल यात्रा तय गरे । एनसीसीएले भ्याली पब्लिकलाई १०-८ ले पाखा लगायो । काष्ठमण्डप विरुद्धको प्रतिस्पर्धामा निम्स 'ए' ४-३ ले विजयी भयो ।

स्टाफतर्फ सेमिफाइनल समीकरण पूरा भएको छ । सेमिफाइनलमा काष्ठमण्डपले इन्साइट भिजन तथा महामञ्जुश्रीले निम्स विरुद्ध खेल्ने छन् । स्टाफको विधा पहिलो पटक राखिएको हो । विजेताले १० हजार र उपविजेताले ५ हजार नगद पुरस्कार पाउने छन् । प्रतियोगिता आइतबार सम्पन्न हुनेछ ।

# टरिगाउँ युवा क्लबलाई सुसेली फुटबल प्रतियोगिताको उपाधि

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, ४ असार



दाङको तुलसीपुरमा आयोजित सुसेली फुटबल प्रतियोगिताको उपाधि टरिगाउँ युवा क्लब तुलसीपुरले हात पारेको छ । दाङको बेलझुण्डीमा भएको फाइनल खेलमा राप्ती क्लब घोराहीलाई हराउँदै टरिगाउँले उपाधि हात पारेको हो ।

प्रतिस्पर्धात्मक खेलमा टरिगाउले राप्तीलाई २-० गोल अन्तरले हराउँदै उपाधि हात पारेको हो। उपाधिसँगै टरिगाउले ५० हजार रुपैयाँ, मेडल तथा ट्रफी हात पार्‍यो भने उपविजेता भएको राप्ती क्लबले २० हजार रुपैयाँ, मेडल तथा ट्रफीमा चित्त बुझायो । अनाथ बालबालिकाका लागि शैक्षिक सामग्री सहयोगार्थ सञ्चालन गरिएको प्रतियोगिता जेठ २९ गतेदेखि शुरु भएको थियो । तुलसीपुर १८ मा रहेको सुसेली युवा क्लबको आयोजनामा प्रतियोगिता सन्चालन भएको थियो ।

यसैबीच प्रतियोगिता औपचारिक कार्यक्रम आयोजना गरी समापन गरिएको छ । शनिबार प्रतियोगिताका संयोजक अर्जुन पुन मगरको अध्यक्षता तथा तुलसीपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष बिमल रिजालको प्रमुख आतिथ्यतामा समापन गरिएको हो ।

समापन कार्यक्रममा फुटबल संघ दाङका उपाध्यक्ष पवन योगी, तुलसीपुर उद्योग वाणिज्य संघका महासचिब बिनिल केसी, नेपाली कांग्रेस तुलसीपुर १८ का वडा सभापति बिरेन्द्र खड्काले आ-आफ्नो मन्तव्य राखेका थिए । कार्यक्रममा एन्फा रेफ्री खुमबहादुर वली, बिनोद बिक र सुरेश बुढा मगरलाई सम्मान गरिएको थियो । यस्तै प्रतियोगिता सफल पार्न सहयोग गर्ने प्रयोजन, सहयोग तथा सहयोगी व्यक्ति एवं संस्थालाई सम्मान पत्रले सम्मान गरिएको थियो । कार्यक्रमको सहजीकरण रोहन पुनले गरेका थिए ।

# राष्ट्रिय साइक्लिङ प्रतियोगितामा आर्मीका टमाटा पहिलो



**पोखरा/मस-** पोखरामा आयोजित राष्ट्रिय साइक्लिङ प्रतियोगिताको उपाधि आर्मीका हिमाल टमाटाले जितेका छन् । पुरुषतर्फ एपिएफका लक्ष्मण मल्ल दोस्रो र कास्कीका हिक्मत विक तेस्रो भएका छन् ।

यस्तै, महिलातर्फ आर्मीकी उषा खनाल पहिलो, लक्ष्मी मगर दोस्रो र इन्द्रकुमारी तामाङ तेस्रो भएकी छिन् । पुरुषतर्फ ७६ र महिलातर्फ पाँच जना सहभागी थिए । महिला र पुरुषको छुट्टाछुट्टै स्पर्धा भएको थियो । पोखरा-१६ स्थित कालीखोलाको पुलबाट सुरु भएको प्रतियोगिता झलाम, ऱ्यालेचौर, मौजा, आँटीघर, अर्मलाकोट, ढिँकीडाँडाबाट फर्किएर कालिखोलामै आइपुगेको थियो ।

दुवै प्रतिश्पर्धामा पहिलोले ३० हजार, दोस्रोले २० हजार र तेस्रोले १० हजार पुरस्कार पाएका छन् । पहिलो वर्ष परीक्षणका लागि कार्यक्रम गरिएकोमा आगामी वर्षदेखि पुरुस्कार राशि आकर्षक रुपमा बढाउने र विदेशबाट समेत खेलाडी बोलाउने आयोजकले जनाएको छ। पोखरा महानगरपालिकाले नगर क्षेत्रमा साइकल लेन समेत निर्माण गरिरहेको छ ।

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा प्रतियोगिता भएको हो । ४५ किलोमिटर दुरीको प्रतियोगितामा तीन जना विदेशीले पनि सहभागिता जनाएका थिए । पोखरालाई साइकल सिटीको रुपमा विकास गर्ने र नवौं राष्ट्रिय खेलकुदका लागि टेवा पुग्ने उद्देश्यले कार्यक्रम गरिएको अध्यक्ष दीपक गोदारले बताए ।

# अरहान्त र कृष्णा च्याम्पियन

**काठमाडौं/मस-** ओलम्पिक डे स्क्वास प्रतियोगितामा अरहन्तकेशर सिम्ह शनिबार अमृत थापालाई ११-८, ९-११, १३-११ र १२-१० ले हराएर च्याम्पियन बनेका छन् ।

नेपाल स्क्वास एन्ड र्याकेट्स संघको आयोजनामा भएको प्रतियोगिताको अन्तिम दिन महिला एकलको फाइनलमा कृष्णा थापाले विपना ब्लोनलाई सोझो सेटमा ११-१, ११-५, ११-८ ले हराएर उपाधि जितिन् । यसैगरी भेटरान्सको उपाधि प्रवीण कंसाकारले जित्न सफल भए । उपाधि भिडन्तमा विनोद शाक्य रिटायर्ड हर्ट भएपछि प्रवीण विजेता बनेका हुन् ।


## कुवेतमा रोजगार

Company : ALGHANIM INTERNATIONAL LIGHT FOOD & REFRESHMENTS CO.W.L.L.
City : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ चलानी नं.: ६०१८१३११ LT. No.: 265087

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 120 | 0 | सम्बन्धित कामामा दक्ष | 120 | ४८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 120 | | 120 | ४८,७३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १२ गते (26 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौं, नेपाल, फोन: ४४६९३७२, ४४६१०७७, मो.: ९८४९१७०६०२, ९८०३०३०१११



## Invitation for Bid

**Helambu Rural Municipality**
**Office of Rural Municipal Executive**
**Helambu, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Invitation for Bids for the Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated location of Rural Municipality, Ward Offices, Community Health Centers and Community School of Helambu Rural Municipality**

**Contract Identification No: HRM/EGP/NCB/WORKS/05/2078-079**
**Date of publication : 2079/03/05 (19/06/2022)**

1. **Helambu Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the **Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated location of Rural Municipality, Ward Offices, Community Health Centers and Community School of Helambu Rural Municipality** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs .72,44,540.70 (without VAT)
2. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit **Helambu Rural Municipality office.**
3. Bidders may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders shall deposit **NRs.3000.00** as the cost of bidding document in the following bank.
   **Name of the Bank : Mega Bank Nepal P.LTD**
   **Name of Office : Helambu Rural Municipality Office**
   **Office Code no. : 801032712**
   **Office Account no. : 0970010004931 (Helambu Gapa Ga-3 Dharauti Khata.)**
   **: 0970010035628 (Helambu Antarik Rajaswa khata Ga1-1)**
   Pre-bid meeting shall be held at **Helambu Rural Municipality Office at 11:00 hours on 2079/03/26 (10/07/2022.)**
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp. **to Office of Helambu Rural Municipality** on or before **12:00 hours on 2079-04-03 (19/07/2022).** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours on 2079/04/03 (19/07/2022)** at the office of **Helambu Rural Municipality, Helambu, Sindhupalchok.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to minimum of **NRS 2,05,000.00,** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## Champadevi Rural Municipility

**Office of the the Rural Municipal Executive**
**Kalika Okhaldhunga**

## Invitation for Bids

**Date of Publication: 2079/03/05**

1. The Champadevi Rural Municipality, Kalika, Okhaldhunga invites sealed bids from eligible firms, suppliers and bidders.
2. **Details of Work**

| S. No | Contract No. | Description of Work | Estimate Amount (NRs.) with VAT & Contengency | Bid Security Amount (NRs.) | Price of Bid (NRs.) | Account no (in case of Bid Security amount) |
|---|---|---|---|---|---|---|
| 1 | CDRM/ NCB/08/ 078-79 | Gyan Prakash Mabi Construction of Gabion Wall Work | 41,11,772.70 | 1,03,000.00\|- | 3000/- | GA-3 1125701782616044 |

3. Eligible firms, suppliers and Bidders may obtain further information and inspect the Bidding Documents at Champadevi Rural Municipality Office, Okhaldhunga.
4. A complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application attaching copies of the Bidders Registration, VAT Registration and Tax clearance certificates of F/Y 077/78 at Champadevi Rural Municipality, Kalika, Okhaldhunga and upon payment of non-refundable fee of NRs. 3,000.00 (Nepalese rupee Three thousand only) Bidding documents can be purchased within the office hours on or before 30th Day of publication of Notice.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Agriculture Development Bank Champadevi, Okhaldhunga
   Name of Office: Champadevi Rural Municipality Office, Okhaldhunga
   Office code: 801011003
   Account no: - GA-1-1 (1125701782616052) (For cost of bid document)
5. Sealed – Bids must be delivered to the Champadevi Rural Municipality Office, Okhaldhunga on or before 12:00 hrs. of 31th Day of publication of Notice. Late bids will be rejected. Bids will be opened physically at 14:00 hours on the same day of bid submission in the presence of the bidders or their representatives who choose to attend Bid Will be Open In The Absence of Bidders.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as described in details of work and issued by commercial bank, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case of validity of bid security shall be considered from already specified last date for bid submission.
8. The Rural Municipality office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. The bidders can obtain further information from www.champadevimun.gov.np or mail on champadrevirm@gmail.com or ito.champadevimun@gmail.com to the office in office hour

**Chief Administrative Office**



अनुदानमा बाख्रा पाएपछिको खुसी ! *सुनसरी कोसी गाउँपालिका– ५ का न्यून आय भएका परिवारलाई गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमअन्तर्गत बाख्रा वितरण गरेपछि खुसी हुँदै कृषक । तस्बिर : अजितकुमार झा/रासस*

# सदनदेखि सडकसम्म शेयरकै चर्चा

## ■ सरकारी बेवास्तासँगै आन्दोलन आक्रामक बन्दै




**सन्देश अर्याल/मध्यान्ह**
काठमाडौं, ४ असार ।

बजेट भाषणसँगै शेयर बजारमा निरन्तर गिरावट छ । बजार अहिले १८ महिनायताकै न्यून बिन्दुमा आइपुगेको छ । बजेट भाषणपूर्व जेठ १३ मा दुई हजार दुई सय २७ दशमलव १३ बिन्दुमा रहेको शेयर शुक्रबारसम्म आइपुग्दा एक हजार नौ सय ७३ दशमलव ८७ बिन्दुमा पुगेको छ । योबीचमा शेयर बजारमा दुई सय ५४ अंकको गिरावट छ ।

दुई हजारभन्दा मुनि आइपुगेको शेयर बजारमा पनि निरन्तर ओरोलो हुँदा लगानीकर्ता थप निराश छन् । शुक्रबार पनि सबैजसो समूहमा गिरावट आएको थियो । निरन्तर गिरावट भएपछि शेयर बजारको चर्चा अहिले सदनदेखि सडकसम्म हुन पुगेको छ । सदनमा सांसदहरुले शेयर बजार क्षेत्रलाई उचित ध्यान दिन माग उठाउन थालेका छन् भने सडकमा पनि प्रदर्शन हुन थालेको छ ।

केही दिन अघि सदनमा बोल्दै कांग्रेस सांसद गगन थापाले सरकारले शेयर बजारबारे सही नीति नलिएको भन्दै विरोध गरेका थिए । उनले शेयर क्षेत्रबारे अस्थिर नीतिको कारण लगानीकर्ता सडकमा पुगेको बताएका थिए । "बजारको अहिलेको ह्रासले सबै लगानीकर्तालाई निरुत्साहन गर्छ, राष्ट्र बैंकको कर्जा नीतिका कारण भएको बजारको समस्या हल गरिनु पर्छ", संसदको शून्य समयमा बोल्दै थापाले भनेका थिए, "बजारलाई एक समय ठिक ठाउँमा पुऱ्याउनै पर्छ तर, साना लगानीकर्ता उठ्न नसक्ने अवस्थामा पुग्नबाट बचाउनु पर्छ । उनीहरु पनि जनता नै हुन् ।"

### लगानीकर्ता थप आक्रोशित

शेयर बजारमा निरन्तरको गिरावटप्रति लगानीकर्ता निराश मात्रै होइन, आक्रोशित बन्दै गएका छन् । एकातिर असार १ देखि आमरण अनसनरत तिलक कोइरालाको अवस्था नाजुक बन्दैछ भने अर्कोतिर बजार सुधार समिति बन्ने विषय अलमलै परेको देखिन्छ । १९ बुँदे माग राख्दै अनशनमा बसेको कोइरालाको अवस्था नाजुक बन्दै गर्दा पनि सरोकारवाला निकाय मौन बनेपछि निराश लगानीकर्ताले आन्दोलन चर्काएका हुन् ।

केही दिनदेखि विरोधमा उत्रिएका लगानीकर्ताहरुले शनिबार विशाल प्रदर्शन गरेका थिए । शनिबार पूँजीबजारको नियामक निकाय धितोपत्र बोर्डको कार्यालय अगाडि लगानीकर्ता सक्रिय प्रदर्शनमा उत्रिएका थिए । शनिबारको प्रदर्शन अहिलेसम्मकै ठूलो भएको बताइएको छ ।

लगानीकर्ताहरुले शेयर धितोकर्जामा राष्ट्रबैंकले लगाएको ४/१२ करोडको क्यापको खारेजी, गभर्नरको राजीनामा, ब्रोकरहरुको सेवा विस्तार तथा बैंकलाई ब्रोकर लाइसेन्स, पूँजीगत लाभकरमा समयसापेक्ष समायोजन, विगतमा भएका सम्झौताको अक्षरंश कार्यान्वयन लगायत बजारसँग सम्बन्धित समस्या समाधानको माग राखेका थिए ।

### समिति गठनमै अन्योल

नेपाल धितोपत्र बोर्डका कामु कार्यकारी अधिकृत विनयदेव आचार्यको संयोजकत्वमा गठित बजार सुधार समिति आफैंमा अन्योलमा छ । एकातिर राष्ट्र बैंकले नाम सिफारिस गरेको छैन भने अर्कोतिर कामु अधिकृत आचार्य संयोजकमा रहन पाउने वा नपाउने अन्योल देखिएको छ ।

अहिले बोर्ड अध्यक्ष वैदेशिक भ्रमणमा भएको कारण अर्थमन्त्रालयले आचार्यको संयोजकत्वमा समिति गठन गरेको हो । तर, कार्यकारी निर्देशककै नेतृत्वमा संयोजक तोकिने चर्चा भएको कारण अचार्य नेतृत्वमा रहन पाउने वा नपाउने अन्योल छ ।

हालै धितोपत्र बोर्डबाट कार्यकारी निर्देशकको पदबाट निरज गिरीले अवकाश पाएसँगै यो पद नै खाली छ । समितिको सदस्यमा धितोपत्र बोर्डबाटै एकजना रहने भनिएको छ । यद्यपि यो सदस्यको पनि यकिन हुन भने बाँकी छ । अर्थमन्त्रालयबाट पनि एक जना सदस्य रहने बताएको थियो । अर्थबाट उपसचिव इन्द्रबहादुर देवकोटा सदस्य तोकिएका छन् । तर, उनी अर्थमन्त्रालयअन्तर्गतको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा महत्वपूर्ण जिम्मेवारीमा छन् ।

## 'ऋण लिएर शेयर बजारमा लगानी नगर्नुस्'



**सुर्खेत ।** कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले बैंकबाट ऋण लिएर शेयर बजारमा लगानी नगर्न आग्रह गरेका छन् । नेपाल आर्थिक पत्रकार संघ र मर्चेन्ट बैंकर्स एशोसिएसन अफ नेपालद्वारा शनिबार सुर्खेतमा आयोजित प्रदेशस्तरीय पुँजीबजार सचेतना कार्यक्रममा उनले आफूसँग भएको स्रोतलाई मात्र परिचालन गर्न सुझाव दिएका हुन् ।

मुख्यमन्त्री शाहीले पुँजीबजार लगानीकर्ता र बैंकर्सलाई 'पाकेटमारा' जस्तो व्यवहार नगर्न आग्रह गरे । "शेयर बजार कहिले बढ्छ, कहिले घट्छ, सधैं एकनाशको हुँदैन", उनले भने, "शेयर बजार केही व्यक्तिमा सीमित गर्नुभएन, शेयर बजारमा पनि नियामक निकाय छ भन्ने आभास दिलाउनुस् ।"

कर्णालीमा पुँजीबजार लगानीकर्ताको सङ्ख्या निकै कम रहेको भन्दै उहाँले विकासको गति, पुँजीबजार सचेतना, बैंकिङ सुविधा पहुँचका कारण बढ्ने विश्वास व्यक्त गरे । मुख्यमन्त्री शाहीले प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटले वित्तीय अनुशासन कायम गर्ने दाबी गरे ।

उनले कर्णाली प्रदेश र मुलुकको आर्थिक अवस्थालाई मध्यनजर गरी सात प्रदेशमा सबैभन्दा कम आकारको बजेट आफूले ल्याएको बताए। बजेटमा यसअघि महालेखा परीक्षकको प्रतिवेदनले औँल्याएका त्रुटि सच्याएको तथा मुख्यमन्त्री कार्यालयको बजेट घटाएर सम्बन्धित विभागीय मन्त्रालयमा पठाएर वित्तीय अनुशासन कायम गरेको उनको भनाइ थियो ।

"चुनाव लक्षित, वितरणमुखी बजेट ल्याउन सकिन्थ्यो", उनले भने, "विगतका कमजोरी सच्याइएको छ, बहुवर्षीय योजना र क्रमागत योजनालाई पूरा गर्न बजेट केन्द्रित गरिएको छ ।"

## मन्त्री आलेको स्पष्टीकरण–

# कुनै पनि कर्मचारीलाई दुर्व्यवहार गरिएको छैन



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई हातपात गरेको भनी आएको समाचारको खण्डन गर्दै कुनै पनि कर्मचारीमाथि दुर्व्यवहार नभएको स्पष्ट पारेका छन् । उनले विभिन्न सञ्चारमाध्यममा कार्यकारी अध्यक्षमाथि हातपात गरेको भनी आफूलाई जोडेर आएका समाचारप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको पनि बताए ।

"समाचारमा उल्लेख भएजस्तो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा बोलाइ मातहतका कुनै पनि कर्मचारीलाई दुर्व्यवहार तथा हातपात गरिएको छैन र यस विषयलाई जोडेर आएको समाचार सत्य होइन, यसबारेमा हाम्रो मन्त्रालय र सिंहदरबार परिसरमा रहेका सिसीटिभी क्यामेरा हेर्दा पनि प्रष्ट हुन्छ", उनले भनेका छन्, "आवश्यक परे मन्त्रालय र प्रशासनले सिसीटिभीका फुटेज उपलब्ध गराउन सक्नेछ ।"

कतिपय कामहरुमा निर्देशन दिनुपर्ने, सचेत गराउनुपर्ने, सम्झाउनुपर्ने हुनसक्ने र मन्त्रालयलको नेतृत्वकर्ताको हैसियतले त्यो क्रम निरन्तर पनि रहने भन्दै मन्त्री आलेले पछिल्ला दिनमा उडान संख्या वृद्धि हुँदै गएको तर, जापानलगायतका गन्तव्यमा सर्वसाधारण, विद्यार्थी, भारतमा उपचारमा जाने बिरामीलगायतले टिकट सहजै नपाउने, निगमकै कारण बजारमा कृतिम अभाव गराई आफू निकट एजेन्सीबाट मात्रै टिकट बिक्री गर्ने गरेको भन्नेजस्ता गुनासो अत्याधिक आएपछि स्थानीय तहको चुनावअघि नै कार्यकारी अध्यक्षलाई स्पष्टीकरण सोधिएको बताए ।

मन्त्रालयमा आएका यी गुनासाका विषयमास्पष्टीकरण सोध्ने भएपछि त्यसलाई रोक्न धेरै शक्ति केन्द्रबाट कार्यकारी अध्यक्षले उल्टै आफूमाथि अनैतिक दबाब दिएको प्रसङ्ग उल्लेख गर्दै मन्त्री आलेले नेपाल वायुसेवाका अध्यक्षमाथि हातपात नै गरिएको भनेर अहिले आएको समाचार झुठो रहेको बताए ।

नेपाल वायुसेवाका अध्यक्षमाथि आएका कार्यालयभित्रै तथा सर्वसाधारण नागरिक र सेवाग्राहीका गुनासाका विषयलाई मन्त्रालयले अध्ययन गरेर अध्यक्षलाई सम्झाइबुझाइ गरी सुधारका लागि कैयौं पटक मौका दिए पनि त्यसमा सुधार नआएको मन्त्री आलेले बताए ।

# माछापुच्छ्रेको स्मार्ट मुद्धति : साढे ६ वर्षमा पैसा डबल

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

**काठमाडौं/मस–** माछापुच्छ्रे बैंकले ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै माछापुच्छ्रे स्मार्ट मुद्धती खाता सञ्चालनमा ल्याएको छ । उक्त खाताअन्तर्गत ग्राहकहरुले साढे ६ वर्षमा आफूले जम्मा गरेको रकमको दुईगुना रकम (डबल रकम) प्राप्त गर्न सक्नेछन् ।

माछापुच्छ्रे स्मार्ट मुद्धती खाता न्यूनतम ५० हजारमा नै खोल्न सकिनेछ । साथै बैंकले यस खातामा साँवा रकमको ९० प्रतिशतसम्म ऋण ग्राहकलाई प्रदान गर्ने छ । इच्छुक ग्राहक महानुभावले बैंकका देशभर रहेका १६५ शाखाहरुबाट यो खोल्न सक्ने बैंकले जनाएको छ ।

माछापुच्छ्रे बैंकले हाल देशका ७ वटै प्रदेशमा १६५ शाखा, ८ एक्सटेन्सन काउन्टर, १६६ शाखारहित बैंकिङ्ग सेवा, २०५ एटिएम मार्फत १३ लाखभन्दा बढी ग्राहकहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

# महालक्ष्मीका ग्राहकलाई कालिज गार्डेन रिसोर्टमा छुट



**काठमाडौं/मस–** महालक्ष्मी विकास बैंकका ग्राहकले हेटौडाको कालिज गार्डेन इको रिसोर्टमा छुट पाउने भएका छन् । बैंक र होटलबीच शुक्रबार यस्तो सम्झौता भएको हो ।

यस सम्झौता पश्चात यस बैंकको डेबिट कार्ड, क्युआर(स्क्यान पे) महालक्ष्मी मोबाइल बैंकिङमार्फत भुक्तानी गर्नुहुने ग्राहकहरुले विभिन्न सेवाहरुमा आकर्षक छुट प्राप्त गर्न सक्नेछन् । महालक्ष्मी विकास बैंकले कुल १०३ वटा शाखाहर मार्फत करिब ६ लाख ग्राहकहरुलाई उच्चस्तरीय वित्तीय सेवाहरु सरलिकृत तवरले प्रदान गर्दै आइरहेको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

सवारी दुर्घटनाबाट
बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत सम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पथरी, मोरङ**
**१ नं.प्रदेश, नेपाल**

### (Invitation for Online Bids) बोलपत्र आव्हानको सूचना

**प्रथम प्रकाशित मिति २०७९/०३/०५**

चालु आ.व. २०७८/०७९ मा यस नगरपालिकाको नगरसभावाट पारित बार्षिक कार्यक्रम अनुसार सडकबोर्ड नेपालको साझेदारीमा निम्न बमोजिमको योजना यस सूचनामा उल्लेखित अंक बमोजिम बोलपत्र ठेक्का प्रक्रियाद्धारा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायी /कम्पनीहरुबाट http//www.bolpatra.gov.np/egp मा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र फारम अनलाईन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| वोलपत्र/ठेक्का नं | कामको विवरण | अनुमान लागत (भ्याट र कन्टिन्जेन्सी बाहेक) | वोलपत्र फारम दस्तुर | जमानत रकम | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| EGP/NCB/2078/079/24 | पथरी शनिश्चरे भरी बाटो मर्मत | ५४१२९२१/७४ | ३०००/ | १५७०००/ | २०७९/०४/०३ गते दिनको १२ बजे सम्म |

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुने छ । निर्माण सम्बन्धि थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिने छ ।
२. बोलपत्र गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ अनुसार http//www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी बीड गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**